म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २०२ सोमबार, १९ फागुन २०८१ ने. सं. ११४५ चिल्लाथ्व 3 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लदी पर्वको अवसरमा बकैयामा विशेष कार्यक्रम हुने

हेटौंडा, १८ फागुन/प्रकृति पूजकका रुपमा परिचित माझी समूदायको प्रमुख चाड लदीपर्व अर्थात् कोसी पूजाको अवसरमा मकवानपुरको बकैयामा विशेष कार्यक्रम हुने भएको छ । नेपाल माझी उत्थान संघ केन्द्रीय समितिको आयोजनामा बकैया गाउँपालिका-६ जुईनामा शुभकामना आदानप्रदान कार्यक्रम हुने भएको छ । बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा तामाङको प्रमुख आतिथ्यतामा कार्यक्रम गरिने आइतबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । २०६५ सालबाट राष्ट्रियपर्व घोषणा गरेर माझी समुदायले फागुन महिनाको तेस्रो मंगलबार लदीपूजा गर्दै आएका छन् । बागमती प्रदेश सरकारले लदीपर्वका अवसरमा माझी समूदायलाई सार्वजनिक बिदा दिएको छ । २०७८ सालको जनगणना अनुसार नेपालमा माझी जातिको जनसंख्या १ लाख ११ हजार तीन सय ५३ रहेको नेपाल माझी उत्थान संघले जनाएको छ । लदीपूजाका दिन माझी समुदायले नदी खोलामा गई पूजा गर्ने गर्दछन् ।

# राप्ती खोलाको पानी बारा, पर्सा लैजान अध्ययन सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १८ फागुन/ संघीय सरकारको खानेपानी मन्त्रालयले मधेश प्रदेशमा पानीको संकट समाधान गर्न हेटौंडाको राप्तीखोलको पानी दुधौराखोलामा मिसाउन पूर्व-सम्भाव्यता अध्ययन थालेको छ । यो परियोजनाको सम्भाब्यता देखिएको खण्डमा हेटौंडा भएर बग्ने राप्तीनदीको पानी मधेशको दुधौरामा झारिने छ ।



राप्तीलाई हेटौंडाबाट डाइभर्सन गरी बाराको दुधौरा पुऱ्याइने योजना छ । यसबाट बारा र पर्सामा खानेपानीको आवश्यकता परिपूर्ति हुने खानेपानी मन्त्रालयले जनाएको छ । मन्त्रालय अर्न्तगतको खानेपानी तथा ढल व्यवस्थापन विभागले गत फागुन २ गते सार्वजनिक सूचनामार्फत् पूर्व-सम्भाव्यता अध्ययनका लागि आशयपत्र आह्वान गरेको थियो ।

चुरेक्षेत्रलाई पानीको उद्गमस्थल र तराईलाई अन्नको भण्डार मानिन्छ । तर, पछिल्लो समय मध्यतराईका जिल्ला पर्सा, बारा र रौतहटको उत्तरी भेगमा पर्ने चुरेफेदका प्राय: बस्तीमा खानेपानीको अभाव बढ्दो छ । सिँचाइको संकटसमेत प्रत्येक वर्ष थपिँदैछ । प्रस्तावित राप्ती-दुधौरा डाइभर्सन परियोजना प्राविधिक, आर्थिक, सामाजिक र वातावरणीय आधारमा उपयुक्त हुनसक्छ वा सक्दैन भन्ने पूर्व-सम्भाव्यता अध्ययन गर्न लागिएको मन्त्रालयकी सहसचिव मीना श्रेष्ठले जानकारी दिइन् ।

'यो एउटा महत्वपूर्ण योजनाको परिकल्पना हो जस्तो लागेको छ, यसलाई अगाडि बढाउन अध्ययनबाट पनि यसको साम्भाव्यता देखिनुपऱ्यो,' सहसचिव श्रेष्ठ भन्छिन्, 'परियोजनाका लागि प्रारम्भिक औपचारिक पाइला हो पूर्व-सम्भाव्यता अध्ययन ।' मकवानपुरकै उत्तरीभेगमा महाभारत पर्वतशृंखला राप्ती, सामरी खोलाको पानीका स्रोत हुन् । यो खोला बागमती प्रदेशको राजधानी हेटौंडाको उत्तर-पश्चिम भएर बग्छ । मकवानपुरबाट चितवनतिर बढ्दै जाँदा यसमा मनहरी र लोथरका साथै चुरेक्षेत्रबाट निस्किने अन्य साना खहरे मिसिन्छन् । हेटौंडामा कर्रा र हेटौंडा नजिक भैंसे, सामर्रीलगायत खोला मिसिन्छन् ।

राप्तीनदी चितवन राष्ट्रिय निकुञ्ज हुँदै नारायणीको संगम अर्थात गोलाघाटमा गएर मिसिन्छ । यो नदी निकुञ्जभित्र पानीको प्रमुख स्रोत हो । नदीको ५८ प्रतिशत हिस्सा चितवनमा र ४२ प्रतिशत मकवानपुरमा छ । यस नदीको आधारक्षेत्र कुल ३ हजार २२२ वर्ग किलोमिटर रहेको सन् २००१ मा केशवराज अधिकारीले गरेको अध्ययनले देखाएको छ । गोलाघाटमा गएर नारायणीमा मिसिने राप्ती नेपालको अन्तिम नदी हो । त्यसपछि नारायणी नवलपरासीको सुस्ता हुँदै भारततिर जान्छ । मनहरी र लोथरजस्ता नदी र अन्य खोला खोल्साहरु यसमा मिसिनु अगाडि हेटौंडा नजिकबाटै राप्तीलाई डाइभर्सन गर्ने योजना सरकारले बनाएको छ ।

चुरियामाई क्षेत्रमा दुधौरा नदीका उद्गम खोल्साहरु छन् । हटौंडास्थित पूर्व-पश्चिम राजमार्ग भन्दा दक्षिण राप्ती बगरबाट करिब १२ किलोमिटरमा पर्ने दुधौरा नदीको स्रोत रहेकै ठाउँमा पानी खसाल्ने योजना बनाइएको छ । आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा मधेश प्रदेश सरकारले राप्ती-दुधौरा डाइभर्सनको पूर्व-सम्भाव्यता अध्ययनको योजना राखेको थियो । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको नेतृत्वमा २०७७ फागुन २३ मा विभिन्न पार्टीका प्रदेशसभा सदस्य र सरकारी प्राविधिक टोलीले स्थलगत अवलोकन पनि गरेको थियो ।

त्यसयता योजना कार्यान्वयनको थप प्रक्रिया अगाडि बढ्न सकेको थिएन । यसपालि संघीय सरकारको खानेपानी मन्त्री प्रदीप यादवको बिशेष चासोमा प्रक्रिया अगाडि बढाइएको मन्त्रालयले जनाएको छ । पर्सा राष्ट्रिय निकुञ्जमा पर्याप्त पानी नहुँदा जनावरका लागि पनि खानेपानीको समस्या भएको निकुञ्जका अधिकारीहरु बताउँछन् । सुख्खामौसममा ट्याङकरबाट पानी बोकर निकुञ्जको जंगलमा रहेको पोखरीमा भर्ने र जनावरको प्यास मेटाउने गरिएको छ । नदी, जलाशय, कुवा र हाते धाराहरु सुक्दै गएपछि यहाँ खानेपानीको संकट चुलिँदै गएको हो ।

चुरेक्षेत्रको पारिस्थितिक प्रणाली बिथोलिएपछि अहिले मध्यतराईमा सुख्खाको समस्या बढेको छ । 'यस क्षेत्रका नदीको पुनर्उत्थान र भूमिगत पानीको स्रोत जोगाउन बर्षौं समय र ठूलो आर्थिक लगानी आवश्यक पर्छ, त्यो पुनर्स्थापित हुन वा नहुन पनि सक्छ,' खानेपानी मन्त्री यादव भन्छन्, 'खासगरी बारा र पर्सामा खानेपानीको अभाव बढ्दै गएको हुनाले यो क्षेत्रको समस्या टार्नु राज्यको दायित्व हो । त्यसका लागि राप्ती-दुधौरा डाइभर्सन आशालाग्दो विकल्प हो ।'

यो परियोजना दुई प्रदेशमा पर्ने भएपनि प्रदेशबीच विवादको सम्भावना छैन । पानीको स्रोत (मुहान) संघीय सरकारको मातहत रहने भनिएको छ । संघीय सरकारको साथ र समन्वय सातै प्रदेशलाई चाहिने भएको हुनाले पनि प्रदेशबाट सहयोग मिल्ने मन्त्री यादवको विश्वास छ । बगेर जाने पानीलाई सदुपयोग गर्दा नै देशको हितमा हुने पनि मन्त्री यादवले बताए । 'राप्तीको पानी नारायणीमा मिसिएपछि भारततिर गइहाल्छ, हामीले यही पानीको सदुपयोग गरेर मध्यतराईको दुई-तीन जिल्लाको तिर्खा मेट्ने महत्वाकांक्षा बोकेका छौँ,' उनी भन्छन्, 'अध्ययनको नतिजापछि यसलाई सरकारको दीर्घकालीन महत्वको योजनाभित्र राखेर अगाडि बढाउन सकिन्छ ।'

२०७१ सालसम्म चुरे क्षेत्रका ढुंगाबालुवा भन्सार भएरै भारततर्फ निकासी हुने गरेको थियो । जंगलको फँडानी र नदी तथा खोलाबाट ढुंगा, गिट्टी र बालुवाको अनियन्त्रित दोहनले चुरेको भावर क्षेत्रमा भूमिगत जलसञ्चिति घटेको अध्ययनले देखाएको छ । वाणिज्य तथा आपूर्ति मन्त्रालयले २०७१ असार २३ गते राजपत्रमा सूचना प्रकाशित गरी यस क्षेत्रमा उत्खनन गर्न र यहाँबाट निकासी गर्न प्रतिबन्ध लगाएको थियो ।

# 'विश्वभर सफल निर्माण व्यवसायी नेपालमा कसरी असफल'




साझाकुरा संवाददाता

हेटौंडा, १८ फागुन/ नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले विश्वभर सफल भएका निर्माण व्यवसायीहरु नेपालमा असफल हुने गरेको बताएका छन् ।

फागुन ६ गतेदेखि हेटौंडामा भएको दोश्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव २०८१ को समापन समारोहमा बोल्दै अध्यक्ष सिंहले नेपालको ऐन, कानुनहरु पूर्वाधार र विकासमैत्री नहुँदा निर्माण व्यवसायी असफल हुने गरेको जिकिर गरे । निर्माण उद्योगीले किन समयमै काम गर्न सक्दैन ? भन्ने विषय अहिले कौतुहलताको विषय बनेको उनको भनाई छ । सरकारको ऐन, कानुनहरु नै कार्यबाधक बनेको उनको बुझाई छ । कानुनहरु जबसम्म निर्माण व्यवसायीमैत्री हुँदैन तबसम्म मुलुकमा विकास निर्माणको काम गर्न नसकिने उनको भनाई छ ।

केही समयअघि प्रधानमन्त्रीको चीन भ्रमणमा आफू पनि जाँदा नेपालमा रहेका चिनियाँ निर्माण कम्पनीले समयमै काम गर्न नसकेको विषय उठाउँदा नेपालको कानुनकै कारण काम गर्न नसकेको गुनासो चीनबाटै आएको उनले बताए । नेपालमा भएका ऐन, कानुनहरु कार्यान्वयन योग्य नै नभएको उनले उल्लेख गरे । अध्यक्ष सिंहले राजनीतिक नेतृत्वले स्रोतको सुनिश्चितताबिना नै निर्वाचनक्षेत्र लक्षितयोजना ल्याउँदा काममा ढिलाई सुस्ती भएको बताए । जनतालाई भ्रम छर्न दलहरुले जथाभावी योजना ल्याउने परिपाटी अन्त्य हुनुपर्ने उनको भनाई छ ।

समयमा गर्न सक्ने योजनाको श्रोतको सुनिश्चितता गरेर मात्र योजनालाई अगाडि बढाउन अध्यक्ष सिंहले आग्रह गरेका छन् । अध्यक्ष सिंहले निर्माण व्यवसायी अहिले प्रताडित भएको बताएका छन् । उनले निर्माणकार्यको समयमा सिमेन्ट, डण्डी लगायतको सामग्रीमा भएको अस्वाभाविक मूल्यबृद्धिबाट व्यवसायी प्रताडित हुन पुगेको उल्लेख गरे । सामग्रीको कृत्रिमअभाव सिर्जना गरेर मूल्यबृद्धि गरिएको उनको आरोप छ । मूल्यबृद्धि नियन्त्रण गर्न राज्यसंयन्त्रले पनि भूमिका नखेलेको पनि संघले ठहर गरेको उनको भनाई छ ।

अध्यक्ष सिंहले आर्थिक गतिविधिलाई चलायमान बनाउन महोत्सव सफल भएको बताएका छन् । लुकेर बसेका प्रतिभालाई पनि महोत्सवले राम्रो अवसर प्रदान गरेको उनको बुझाई छ । निर्माण व्यवसायी सामाजिक उत्तरदायित्व बहन गर्न पनि सक्षम छ भन्ने कुरा महोत्सवबाट पुष्टि भएको अध्यक्ष सिंहले बताए । कार्यक्रममा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठलगायतले महोत्सवबाट आर्थिक गतिविधि गतिशील हुन पुगेको धारणा राखेका थिए ।

महोत्सवको १ लाख दर्शकले अवलोकन गरेको र ६ करोड बराबरको आर्थिक कारोबार भएको निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपल कँडेलले जानकारी दिए । समापन समारोहमा विभिन्न क्षेत्रका व्यक्तित्वलाई सम्मानित गरिएको थियो । कार्यक्रममा बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठ, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्याल, हेटौंडा उपमहानगरका प्रवक्ता तथा वडाअध्यक्ष सविन न्यौपाने, ११ नं. वडाअध्यक्ष जुना दाहाल, पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारुमगर, जिल्ला अध्यक्ष बालकृष्ण अधिकारीलगायतको आतिथ्यता रहेको थियो ।

# कुलेखानी-सिस्नेरी सडक २ प्याकेजमा ठेक्का आह्वान

साझाकुरा संवाददाता



हेटौंडा, १८ फागुन/ बाढीबाट क्षति भएको हेटौंडा-कुलेखानी-सिस्नेरी-दक्षिणकाली-काठमाडौं सडक मर्मत गर्न २ प्याकेजमा ठेक्का आह्वान गरिएको छ ।

कुलेखानी-सिस्नेरी खण्डको १२ सय मिटर सडक पुनर्निर्माणका लागि बागमती सरकारको पूर्वाधार विकास विशेष आयोजना हेटौंडाले ठेक्का आह्वान गरेको हो । ईन्द्रसरोवर-३ एकान्तकुना लामाबगरमा ७०० मिटर र ईन्द्रसरोवर-२ डोडारेमा ५०० मिटर सडक पुनर्निर्माण गर्न आयोजनाले साढे ८ करोड रुपैयाँ लागत अनुमानसहित ठेक्का सार्वजनिक गरेको छ ।

प्रदेश सरकारले वर्षायाम अगाडि नै काम गर्ने गरी ठेक्का आह्वान गरेको बताएको छ । हेवी-ज्यामिरे खण्ड अन्तर्गत ७०० मिटर र सिस्नेरी बजार खण्डमा ५०० मिटर सडक निर्माणका लागि ठेक्का खोली प्रक्रियामा रहेको आयोजनाका सूचना अधिकारी राजन गौतमले जानकारी दिए । सिस्नेरी खण्डको ५०० मिटर सडकका लागि ठेक्का बिड गरी निर्माण कम्पनी छनोट प्रक्रिया सम्पन्न भई सम्झौताको चरणमा रहेको उनले बताए ।

५०० मिटर सडक निर्माणका लागि स्थानीय वइसिस पशुपत्रा जेभीले ९७ लाख रुपैयाँ बोलकबोल गरी आशयको सूचना प्रकाशन भइसकेको उनले बताए । निर्माण व्यवसायीले १ करोड ५७ लाख रुपैयाँ लागत निर्धारण गरि एको ठेक्कामा ४६ प्रतिशत कम विड गरेर कबोल गरेको उनको बताए । गत बुधबार आशयको सूचना जारी भएको र आगामी साता सम्झौता गरी काम थालिने उनले बताए ।

त्यस्तै हेवी-ज्यामिरे खण्डको सडक पुन: निर्माणका लागि ८ करोड रुपैयाँ लागत मूल्य निर्धारण गरी ठेक्का आह्वान गरेको सूचना अधिकारी गौतमले बताए । यो सडक निर्माणका लागि प्राविधिक तथा आर्थिक पक्षको मूल्यांकन सहित ५ निर्माण कम्पनी छनोट सम्पन्न भइसकेको उनले जानकारी दिए ।

७०० मिटरको सडक निर्माणका लागि छिट्टै नै विडिङ प्रतिस्पर्धा अनुसार कम्पनी छनोट गरेर आशयको सूचना प्रकाशन गर्ने कार्यालयको तयारी रहेको उनको भनाई छ । ५ कम्पनीमध्ये कम बोलकबोल गर्ने निर्माण कम्पनीसँग सम्झौता गरी काम थालिने उनले बताए । सिस्नेरी खण्डमा जाली लगाउने र ग्राभेल गर्ने काम हुनेछ भने हेवी-ज्यामिरे खण्डमा सडकको ट्र्याक निर्माण गरी जाली लगाउने, ग्राभेल गर्ने काम हुनेछ ।

## भुटनदेवी एल्मुनाईमा बिष्णुगोपाल



साझाकुरा संवाददाता

हेटौंडा, १८ फागुन/ हेटौंडा नगरका सबैभन्दा पुरानो विद्यालय भुटनदेवी माविमा अध्ययन गरेका पूर्वविद्यार्थीहरुको संस्था भुटनदेवी एल्मुनाई एशोसिएसनको १९ औं वार्षिक साधारणसभा तथा मित्रमिलन कार्यक्रम मार्खुको सिम्लाङमा सम्पन्न भएको छ ।

साधारणसभाले हेटौंडा -२ का वडाअध्यक्ष बिष्णुगोपाल महर्जनको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको थियो । नयाँ कार्यसमितिको उपाध्यक्ष कृष्णगोपाल बर्तौला, महासचिव राजेन्द्र पोखरेल, कोषाध्यक्ष सुदर्शन ढकाल, सचिव उद्दव भट्टराई चयन भएका छन् । एल्मुनाइको काठमाडौं सम्पर्क समिति पनि गठन गरिएको छ ।

**भाखा नाघेका ऋणीहरुलाई कर्जा भुक्तानी गर्न आउने बारेको १५ दिने सूचना**

यस संस्थाको स्थापनाकालदेखि हालसम्मका सेयर सदस्यहरु मध्येबाट ऋण लिई समयमै ऋण भुक्तान नगरी भाखा नाघेको हुँदा भाखा नाघेका सम्पूर्ण ऋणीहरुलाई विभिन्न माध्यमहरुबाट पटक-पटक सम्पर्क गर्दा आलटाल गरी समय लम्ब्याई ऋण तिर्न अटेर गरि संस्थामा सम्पर्क नगरी बसीरहनु भएको हुँदा मिति २०८१।११।१२ गतेको नियमित बैठकबाट अन्तिम पटकको लागी १५ दिनको समय सिमा थप गरी दिइएको हुँदा यथासक्य चाडो कार्यालयमा सम्पर्क गरी आफ्नो ऋणलाई चुक्ता गर्नुहुन वा अद्यावधिक गराउनु हुन जानकारी गराईन्छ । अन्यथा आलटाल गरी अटेर गरी बस्नुहुने सम्पूर्ण ऋणीहरुलाई सहकारी ऐन बमोजिम कारबाहीको लागी स्थानीय तह, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय समेतमा पत्राचार गरी अन्य कानूनी प्रक्रिया समेत गरिने छ ।

**सुख समृद्धि बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा, मकवानपुर

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# चुरिया सुरुङ इतिहास मात्रै बन्यो

दक्षिण एसियाकै पहिलो सुरुङमार्गको रुपमा परिचय बनाएको चुरियामाईको सुरुङ आज ईतिहास बनेको छ । एक सताब्दी अघि नेपालमा नेपाली प्रबिधिको प्रयोगमा सुरुङ बनेको थियो । यो विषय ठट्टा होइन । यतिबेला त नेपालमा धेरै ठाउँमा सुरुङमार्ग हुनुपर्ने थियो । तर, हामीले सँधै 'सतीले सरापेको देश' भनेर केही गरेनौं वा गर्ने प्रयाससम्म गरेनौं । सताब्दी अघि फर्पिङमा जलविद्युत उत्पादनगृह संचालनमा आएको थियो । काठमाडौंका राणा परिवारका दरबारमा त्यही फर्पिङको विजुली लगेर झलमल्ल पारिएको थियो । ५/७ वर्षअघिसम्म हामी दैनिक १८ घण्टा विजुली गायब तालिका हिसाव गरेर अन्धकारमा बस्यौं । नेपालमा ८३ हजार मेघावाट विद्युत उत्पादन गर्ने क्षमताका खोलानाला छ भनेर गफ लगाएर बस्यौं । अपरतामाकोशी हाइड्रो पावर सम्पन्न गर्न हामीलाई १५ वर्ष लाग्यो । परियोजनामा लुट्ने काम मात्र गरियो । ३५ अर्ब रुपैयाँमा निर्माण सम्पन्न गर्ने भनिएको अपरतामाकोशी सम्पन्न हुँदासम्म ९० अर्ब रुपैयाँजति लागत पुऱ्याउने काम भयो । हामी विकासमा पछाडि परेको उदाहरण यतिभए काफी हुन्छ । निजगढ-काठमाडौं फास्टट्र्याक सिलान्यास भएको १७ वर्ष भयो । ७० अर्ब रुपैयाँमा निर्माण सम्पन्न गरिने भनियो तर, यतिबेलासम्म यो परियोजना सम्पन्न हुँदा सवा दुई खर्ब रुपैयाँ भन्दा बढी खर्च हुने देखिएको छ ।

पञ्चायती ब्यवस्थाको अन्त्यताका हेटौंडाको बुद्धचोकमा ट्राफिक लाइट थियो जहाँ सडक पारगर्न पैदलयात्रुलाई सहज हुने गरेको थियो । तर, अहिले त्यहाँ बत्ती छैन र सडक पारगर्न ज्यानको बाजी लगाउनु पर्ने अवस्था छ । यस्तैयस्तै कामले हाम्रा युवा नेपालमा बस्नै चाहिरहेका छैनन् । नेपालमा कुनै सम्भावना नै देख्न छोडेका छन् । नेतृत्वबर्गले यो विषयमा सोच्न ढिलाई भइसकेको छ । अब चुरियामाईको सुरुङलाई पर्यटकीयस्थलको रुपमा सञ्चालन गर्ने उपमहानगरको योजना छ । वर्षौंदेखि जीर्ण सुरुङको पुन:निर्माणपछि बागमती प्रदेशको यातायात पूर्वाधार निर्देशनालयले उपमहानगरपालिका कार्यालयलाई हस्तान्तरण गरेको एक वर्ष भयो । सुरुङको पुन:निर्माण एक वर्षअघि नै सम्पन्न भइसकेको थियो । तर, प्राविधिक कारण देखाएर निर्देशनालयले उपमहानगरलाई हस्तान्तरण गर्न सकेको थिएन । उपमहानगर र निर्देशनालयबीच सहमति भएअनुसार मर्मतसम्भार प्रदेश सरकारले गर्ने उल्लेख गरिएको छ । उपमहानगरले नै सुरुङमार्गमा अवलोकन गर्न शुल्क लगाउने भएको छ । उपमहानगरपालिकाले चुरियामाई सुरुङलाई पर्यटकीयस्थलका रुपमा सञ्चालन गर्न कार्यविधि निर्माण गरिसकेको छ । कार्यविधिमा सुरुङ अवलोकन गर्न आउने नेपालीलाई प्रतिव्यक्ति ५० रुपैयाँ, विदेशीलाई प्रतिव्यक्ति १२० रुपैयाँ, ५ वर्षमुनिका बालबालिका, अपाङ्ग र जेष्ठनागरिकलाई नि:शुल्क, विद्यार्थीलाई २० रुपैयाँ प्रवेशशुल्क लिने व्यवस्था गरेको उपमहानगरले जानकारी दिएको छ । चुरियामाई सुरुङ सञ्चालन कार्यविधि बनाएर उपमहानगरले पर्यटकीयस्थलको रुपमा विकसित गर्नेगरी अगाडि बढेको छ । हेटौंडा उपमहानगरपालिका र बारासम्म सीमा जोडिने चुरियामाई मन्दिरमा बनाइएको सुरुङ भग्नावशेष थियो । भग्नावशेष सुरुङलाई पुरानै अवस्थामा ल्याउन प्रदेश सरकारले काम गरेको हो । २०७८ साउनमा थालिएको पुन:निर्माण २०८० असार अगाडि नै सकिएको थियो ।

१०६ वर्ष पुरानो सुरुङ पुन:निर्माण गर्न प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको यातायात पूर्वाधार निर्देशनालयले माउण्टेन इन्फ्रा कम्पनीसँग ३ करोड ३६ लाख १३ हजार रुपैयाँको लागत सम्झौता गरेको थियो । सुरुङको पुन:निर्माण २०७९ वैशाखसम्म सक्ने भनिएता पनि पटक-पटक म्याद थपियो । श्री ३ चन्द्रशम्शेरको पालामा वि.सं. १९७४ सालमा नेपाली सेनाका इञ्जिनियर डिल्लीजङ थापाले सुरुङमार्ग निर्माण गरेका थिए । सुरुङ नेपाली प्रविधि प्रयोग गरेर थापाले निर्माण गराएका थिए । करिब ५ सय मिटर लामो सुरुङ मकवानपुरतर्फ प्रवेश गरेर बारा पुगिन्थ्यो । त्यतिबेला भारतबाट हेटौंडा-भीमफेदी हुँदै काठमाडौं पुऱ्याउने साना सवारीसाधन ल्याउन सुरुङ बनाइएको थियो । प्रजातन्त्र पुन:स्थापनापछि त्रिभुवन राजपथ बनेर ठूला-ठूला सवारीसाधन भित्रिएपछि सुरुङ छेवैबाट चुरेपहाड फोडेर सडक बनाइएको थियो । सडक निर्माण भएपछि सुरुङ प्रयोगमा आएन र लामो समयदेखि सुरुङ भग्नावशेष भयो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन २० गते मंगलबार ४ मार्च २०२५ । पञ्चमी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:२७, सूर्यास्त ६:०५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्य बिग्रन सक्ने | तुला | : निर्माण कार्यमा प्रगति |
| वृष | : रमाइलोगरि समय बित्ने | वृश्चिक | : सामाजिक काममा सफलता |
| मिथुन | : राजनीतिमा प्रगति हुने | धनु | : सन्तानबाट खुशी मिल्ने |
| कर्कट | : शारीरिक परिश्रम गर्नुपर्ने | मकर | : व्यापारमा केही हानि हुने |
| सिंह | : पढाइमा प्रगति हुने | कुम्भ | : शत्रु पराजित हुने |
| कन्या | : विश्वासमा संकट आउने | मीन | : मानसम्मान बढ्ने |

# ट्रम्पको आप्रवासन नीति : विद्यार्थीलाई प्रेरणा

नेपालबाट आउँदा सबै विद्यार्थी पढ्नै भनेर आएका हुन्छन् । बाबा-आमाले पनि पढाइका लागि लगानी गर्ने कबुल गरेकै हुन् । कलेजभित्र २० घन्टाभन्दा बढी काम गर्न मिल्दैन भन्ने अमेरिकाकी नियम-कानुन पनि स्वीकार गरेरै आएका हुन् ।



✍ डा. भोजबहादुर बलायर

विषय प्रवेश गर्नुअघि एउटा सकारात्मक घटना प्रस्तुत गर्न चाहन्छु । सन् २००९ तिर जब म अमेरिका प्रवेश गरेँ, त्यतिबेला मेरो सम्पर्क व्यक्तिहरू नै विद्यार्थी थिए । त्यसमध्येका केही साथीबाट मैले धेरै सकारात्मक कुरा सिकेँ र तिनकै प्रेरणाबाट म पुन: विश्वविद्यालय प्रवेश गरेको थिएँ । तिनैमध्येका एकजना विद्यार्थी थिए, ठूलो आत्मबल बोकेर अमेरिका आएका । उनको उद्देश्य कमाउनभन्दा पनि पढाइमै केन्द्रित थियो । र, पनि उनले आफ्नो बसाइ र पढाइ खर्चको व्यवस्थापन गरेकै थिए ।

उनले अरु सरह नेपालबाट पैसा मगाउन सक्ने अवस्था छैन भन्ने राम्ररी बुझेका थिए । त्यसैले यस बिरानो भूमिमा नेपालभन्दा पनि प्रवासमा रहेका उनका नातेदारको सहयोगी मन र आड नै उनको लक्ष्यपूर्तिको आधार बनेको थियो । आफन्तको सहयोगको त्यही त्यान्द्रोमा टेकेर उच्च मनोबल र मिहिनेतबाटै उनी पढाइमा ४ जीपीए ल्याउनुका साथै कलेजमा शिक्षकका प्रिय एवं मिहिनेती विद्यार्थी बन्न सफल भए । नेपालमा उत्कृष्ट पढाइ नभएका उनले प्रवासको जीवनबाट धेरै सिके ।

साथीहरुले किन पढाइलाई मात्र प्राथमिकता दिन्छौ, कलेज बाहिर पनि काम गर न भन्थे । तर उनले जीवनभर काम गर्ने कि ढुक्कसँग पढेर जीवन सहज जिउने भन्ने बुझिसकेका थिए । त्यसैले कहिले पनि साथीको लहलहैमा लागेनन् र कलेज बाहिरको काम पनि गरेनन् । नियमबमोजिम काम गर्न पाउने समयमा कलेज भित्रको काम गर्दै पढाइलाई नै जीवन बनाए । बरु यस समयमा उनले पार्टी र रमाइलो गर्न छोडे । नयाँ-नयाँ लुगा फेर्न छोडे । अमेरिकी शैलीको मनोरञ्जन लिन, शहर घुम्न, समुद्री तटमा गएर रमाउन, सामाजिक सञ्जालमा छाउन छोडे । नचाहिँदा साथी बनाउन छोडे । चट्टानजस्तै दृढताले कलेजभित्रै रमाउँदै पढाइमै स्थापित भए । जसको परिणामस्वरुप दोस्रो वर्षदेखि नै कलेजमा छात्रवृत्ति पाउन थाले भने शिक्षकको संगतबाट कलेज भित्रै काम पाउन थाले ।

मिहिनेतले नै उनले ब्याचलर (अन्डरग्र्याजुएट) मा राम्रो अंक ल्याई पास मात्र गरेनन्, शिक्षकसँगको संगतले राम्रो प्रोफाइल तयार गर्न सफल भए । जसबाट उनलाई भोलि इन्टर्नसिपको सहजै अफर आउन सक्ने देखिन्थ्यो । तर उनले पढाइ लगत्तै ग्र्याजुएट रेकर्ड एक्जामिनेसन (जीआरई) मा समेत राम्रो अंक ल्याई एकै पटक मास्टर्स र पीएचडीको छात्रवृत्ति पाए । यसपछि उनले जीवनमा कहिले पछाडि फर्कनुपरेन । पढाइ सकिनासाथ राम्रो जागिर पाएका उनी हाल सपरिवार आनन्दित देखिन्छन् ।

यो एकजना मित्रको सत्यतथ्य घटना हो । तर मैले कयौंरु यस्ता मिहिनेती नेपाली भेटेको छु, जसले अमेरिकी आकाशमा उचाइ छोइरहेका छन् । भुल्न नहुने कुरा, नेपालबाट आउँदा सबै विद्यार्थी पढ्नै भनेर आएका हुन्छन् । बाबा-आमाले पनि पढाइका लागि लगानी गर्ने कबुल गरेकै हुन् । कलेजभित्र २० घन्टाभन्दा बढी काम गर्न मिल्दैन भन्ने अमेरिकाकी नियम-कानुन पनि स्वीकार गरेरै आएका हुन् ।

हाम्रो परिवेश गर्नुपर्ने र हुनुपर्ने भन्दा केही फरक भएको अवस्था छ । पढाइमा अब्बलता देखाउनुपर्नेमा अन्तै ध्यान जाँदा पढाइ मात्र चौपट होइन, मानसिक रुपमा बिछिप्त भएको अवस्था पनि देख्न सकिन्छ । जसलाई नेपाली समाजको पहलमा फिर्ता स्वदेश पठाएको पनि देखिन्छ । केही नवआगन्तुक विद्यार्थी पुराना स्थापित भइसकेकाहरुको नराम्रो संगतमा लागेर बिग्रेका पनि छन् । कोही रेष्टुरेन्टका महँगा खाना मात्र रुचाउने र नचाँहिदो फजुल खर्चमा रमाउने पनि छन् ।

कुबाटो समाउनुको कमजोरी चेतनाको स्तरमा नै देखिन्छ । नेपालबाट प्रवासको यात्रा तय गर्दा कलिला नानीहरुलाई नयाँ परवेशमा गर्नुपर्ने दायित्व, पढाइको महत्व, मितव्ययिता र आफ्नो काम आफैं गर्ने आदि ज्ञान सिकेर आउनुभन्दा छिटो यात्रा तय गर्ने र छिटो कमाएर पठाउने अनि पुग्न पाएको छैन हरेक दिन ऋण र ब्याजको कुरा गर्ने अविभावक प्रशस्तै भेटिन्छन् । त्यही मनस्थिति बोकेका भाइबहिनीले पनि पढाइलाई सिरानीमा थन्क्याउँदै कामलाई प्राथमिकता दिएको पाइन्छ । परिणाम- न पढाइ, न त राम्रो काम धन्दा नै हुन पुग्छ ।

प्रवासीका यी भोगाइलाई अहिलेको डोनाल्ड ट्रम्प सरकारले नजिकैबाट बुझेको देखिन्छ । यसैलाई मध्यनजर गरेर हालका दिनमा छापा मार्ने र कानुनभन्दा बाहिर रहेर काम गर्ने प्रवासीलाई फिर्ता पठाउने रणनीति लिएको देखिन्छ । झट्ट हेर्दा ट्रम्पको कदमले तत्काल विद्यार्थीहरुलाई तनाव दिएको देखिन्छ । कठोरता प्रकट गरेको देखिन्छ । तर कहिलेकाहीँ कठोरता पनि एक किसिमको करुणाको स्वरुपमा परिणत हुनसक्छ । गुरुले भनेको नमान्ने, कानुनको खिलाफ जाने वा कर्मबाट बिमुख हुनेलाई कर्ममा फर्काउने काम कठोर करुणा हो । यसमा नियत भने सफा हुनुपर्छ ।

ट्रम्पको आदेशलाई नेपाली विद्यार्थीले कठोर करुणाको रुपमा लिएर आफूलाई पढाइ केन्द्रित गर्न सके भने भोलिका दिनमा सफलता अवश्य पाउँनेछन् । सुन्दर भोलिलाई उज्यालो देखाउने काम गर्नेछ । म विद्यार्थी हुँ भने मेरो कर्म पढ्ने हो भन्ने कुरा ट्रम्पको आदेशको आसय हो । त्यसो हो भने अब पढ्ने । नियमको परिधिभित्र रहेर काम गर्ने । छात्रवृत्तिका ढोकाहरु पहिल्याउने । यी कुराहरु भन्न सजिलो भए पनि लत र बानी बिग्रिसकेको दिमागलाई ठेगानमा पुन: लैजान भने गाह्रो हुन्छ । तर पनि अमेरिका त्यस्तो अवसरको देश हो, बदमासी नगर्ने र मिहिनेत गर्ने हो भने धेरै कुरा पाउन सकिन्छ ।

उदाहरणका लागि, कुनैकुनै राज्यमा अमेरिकी र विदेशी विद्यार्थीलाई कलेज फी समान लाग्छ । हामीले पनि केही समय यी राज्यका कलेजमा पढ्न सक्छौं । कम्युनिटी कलेजहरु निकै सस्ता हुन्छन् । ट्रान्सफर गर्न मिल्ने जति कोर्स कम्युनिटी कलेजमा पढ्न सक्छौं । कलेजमा शिक्षकहरुसँग राम्रो सम्बन्ध बनाउने, छात्रवृत्तिका लागि निवेदन दिने, कक्षामा नियमित उपस्थित हुने, होमवर्क, परीक्षा नछुटाउने, शिक्षकसँग अनुसन्धान वा अन्य काममा सहभागी बन्ने इच्छा जाहेर गर्ने, आफ्नो पढाइबाटै अब्बलता देखाउने, राम्रो साथी सर्कल बनाउने, मिलेर सामूहिक अनुसन्धान गर्ने र धेरैभन्दा धेरै इन्टर्नसिपमा आवेदन भर्ने, नढाँट्ने, फजुल खर्च केही नगर्ने, चार वर्ष नेपालको ऋण नसम्झने र बाआमालाई पनि त्यही भन्ने । यी अमेरिकामा पढ्ने नेपाली विद्यार्थीका सफलताका सूत्र हुन् ।

सही मार्गमा हिँडेकालाई पनि कहिलेकाहीँ संगत र कामको क्रममा अप्ठ्यारो पर्न सक्छ । यदि कहीँ कतै ठेस लागिहालेछ भने पनि उठेर सत्कर्मकै बाटोमा हिँड्ने प्रयास जारी राख्नुपर्छ । नेपाली विद्यार्थीले कतै दु:ख पऱ्यो भने स्थानीय नेपाली समुदायका मानिसको नियमित सम्पर्कमा रहिरहनुपर्छ । कलेजमा रहेका नेपालीको संगठनमा सहभागिता जनाउनुपर्छ । यदि शारीरिक, मानसिक रुपमा वा पढाइमा समस्या पर्‍यो भने कलेजको शैक्षिक परामर्शदाता, मनोसामाजिक काउन्सेलर, नेपाली समुदाय, राम्रा साथीहरु, आफन्तजनलाई खबर गर्नुपर्छ ।

यसका साथै नियमसंगत पाउने २० घन्टा क्याम्पस भित्रको कामभन्दा बढी गर्ने अनुमति नभएकोले लहलहैमा नफस्नुहोला । अन्धाधुन्ध सवारी नचलाउनुहोला । मादक पदार्थ, लागुऔषधबाट टाढै रहनुहोला । यसका अलावा व्यावहारिक कामको अनुभव लिन कलेजले दिने अप्सनल प्राक्टिकल ट्रेनिङ (ओपीटी) नछोड्नुहोला, जुन पछि जागिरे जीवनका लागि पनि काम लाग्न सक्छ ।

अन्त्यमा, अमेरिका पढ्न आउने नेपाली विद्यार्थीको संख्या बढ्दो छ । त्यसमा पनि ब्याचलर कोर्स पढ्न आउनेहरुको संख्या झनै बढी छ । सन् २०२३-२०२४ मा करिब साढे २४ हजार र सन् २०२०-२०२१ मा करिब २३ हजार ९ सयको हाराहारीमा विद्यार्थीले अमेरिकाको भिसा लिएको तथ्याङ्कबाट देखिन्छ । यसले विगत केही वर्षदेखि प्रतिवर्ष करिब ८-१० हजारको हाराहारीमा नेपाली विद्यार्थी अमेरिका आइरहेको देखाउँछ ।

मेरो अनुरोध छ, सकभर ब्याचलर तहमा पढ्न छोराछोरी नपठाऔं । जो पढ्न आइसक्नुभएको छ, त्यस विषयमा त कथा नै पस्किसकेँ । यदि, बेलैमा सुनुभएन भने तपाईं पनि 'टीपीएस'को सुविधा पाउँदासमेत आफ्नो करिअर बनाउन नसक्नेमा दर्ज हुनुहुनेछ । यसैले ट्रम्पको आदेशलाई कठोर करुणाको रुपमा लिई भविष्य बनाउने संकल्पमा लाग्नुहोला । आजलाई जित्नुभयो भने भोलि तपाईंको हुनेछ । त्यो नेपालीको गर्विलो भोलि हुनेछ ।

*(साभार: अनलाइनखबर)*

# एसईई परीक्षाको तयारी

✍ केशव अधिकारी

यस वर्ष अर्थात् २०८१ सालको एसईई परीक्षा आगामी चैतको ७ गतेदेखि आरम्भ हुँदै छ । विगतका केही वर्षदेखि एसईई परीक्षाको नतिजाको प्रतिशत घटेर जाँदै छ । प्रतिशत मात्र घटेको नभई माध्यमिक शिक्षाको गुणस्तर समेत खस्केर जान थालेको छ । संस्थागत विद्यालयको तुलनामा सरकारी विद्यालयको सफलताको प्रतिशत अझै कम रहेको छ । जबकि सरकारी विद्यालयका सबैजसो शिक्षक शिक्षक आयोग पास गरी क्षमतावान् भन्ने प्रमाणित भएर नियुक्त भएका हुन्छन् ।

उता संस्थागत विद्यालयमा थोरै पैसामा काम गर्न चाहने शिक्षक पाएको खण्डमा गुणस्तरका कुरा तपसिलमा रहने गर्छन् । यसरी तुलना गर्दा संस्थागतको तुलनामा सामुदायिक विद्यालयहरूको नतिजा निराशाजनक रहेको पाइन्छ । जब एसईई परीक्षाको नतिजा प्रकाशित हुन्छ तब शिक्षा मन्त्रालयले आफूभन्दा तलको निकायलाई दोषारोपण गर्ने, उक्त निकायले पनि अझै तल्लोलाई दोषारोपण गरेर आफू चोखो बन्न खोज्ने र अन्त्यमा विद्यालयका शिक्षकका टाउकामा सबै दोष थोपरेर आफू चोखो बन्न खोज्ने बानी मौलाएको छ ।

एसईईको नतिजा सार्वजनिक भएको करिब दुई हप्तासम्म थोरै प्रतिशत विद्यार्थी मात्र किन सफल भए अनि धेरै प्रतिशत कसरी सफल हुन सकेनन् भनेर रोइलो मचिन्छ । अन्त्यमा शिक्षकले राम्ररी नपढाएकोले अब राम्ररी पढाउनका लागि चेतावनी दिने, तलब रोक्का गर्ने, जागिर घटुवा गर्ने भन्नेसम्मको रोइलो मच्चाइसकेपछिका केही दिनदेखि तैं चुप मै चुपको वातावरण बन्छ । विगतका निकै वर्षअगाडिदेखि यो क्रम जारी छ ।

विगतको एसएलसी परीक्षालाई फलामे ढोका (आइरन गेट) भन्ने चलन थियो । अहिले पनि कतै-कतै त्यसको धङधडी रहेको पाइन्छ । आइरन गेट भन्नुको तात्पर्य के भने, एसएलसी परीक्षा पास भएपछि अरु माथ्लो तहको पढाइ सजिलै गर्न वा अगाडि बढाउन सहज हुन्छ भनेर भनिएको हुनसक्छ । तर विगतको तुलनामा एसईई परीक्षा दिने तयारीमा लागेका आम विद्यार्थी (झन्डै ९० प्रतिशत) मा पढाइ वा सिकाइको भोक लागेको पाइँदैन । केवल अभिभावक र शिक्षकको लागि पढिँदै छ कि भनेजस्तो प्रतिक्रिया विद्यार्थीबाट आउने गरेको छ ।

वि.सं. १९९० देखि नेपालबाट एसएलसी परीक्षा दिन थालिएको र झन्डै एक शताब्दीको समय बित्दै जाँदा पढाइ र सिकाइको गुणस्तर झन्-झन् खस्केर जान थालेको पाइन्छ । पढाइ र सिकाइको यो खस्काइका मुख्य कारणहरुमा आम विद्यार्थीको पढाइप्रतिको नकारात्मक धारणाले गर्दा भएको हो ।

दोस्रो कारण मनोरञ्जनका साधनको बढोत्तरी पनि एउटा प्रमुख कारण हो । अर्को कारण मिहिनेत गरेर अब्बल दर्जामा सफलता हासिल गर्न सक्ने जनशक्तिलाई पनि कतैबाट हौसला नमिल्नाले मनमा छाएको निराशाका कारणले गर्दा पनि पढाइको गुणस्तर खस्कन पुगेको हो । अर्को सानो कारणमा शिक्षक पनि पूर्ण निर्दोष रहेका हुँदैनन् । उनीहरुको विनायोजनाको सिकाइ र उपलब्धि हासिल भए/नभएको समीक्षा गराइको अभाव मात्र होइन कि शून्य समीक्षा आदिका कारणले हालको माध्यमिक शिक्षाको गुणस्तर खस्केर गएकै हो ।

तर गुणस्तर खस्केर गयो भनी हात बाँधेर कुनै पनि पक्षले बस्ने बेला यो होइन । एसईई परीक्षाको लागि चैत ७ गते पर्खँदै गरेका आम विद्यार्थीले सचेत भएर आजैदेखि प्रयास गर्न थाल्ने हो भने शिक्षाको गुणस्तर पनि सुधारेर लैजान सकिन्छ । अनि सफलताको प्रतिशत पनि अघिल्लो वर्षको तुलनामा दोब्बर बढेर जान सक्छ । एसईई परीक्षाको गुणस्तर सुधारका लागि शिक्षाको सर्वोच्च निकायले व्यापारको विज्ञापन गरेकै जसरी विद्यार्थी र शिक्षकको हौसला बढाउने तर निराश बनाउने होइन भन्नेजस्ता कार्यक्रम यो बीचको समयमा प्रस्तुत गर्नुपर्ने हुन्छ ।

विद्यार्थीको हौसला बढाउनको लागि आकर्षक पुरस्कारको व्यवस्थापन गर्न सकिन्छ भने स्थानीय निकायले आफ्नो मातहतमा रहेका विद्यालयका शिक्षकहरुलाई जागरुक बनाउने, सानो चेतावनी दिनेजस्ता काम गर्नुका साथै हरेक विद्यालयको तयारी परीक्षाको नतिजा स्थलगत रुपमा समीक्षा गर्ने र सुझाव वा हौसला के दिँदा जायज हुन्छ अवस्था हेरेर दिने काम गर्नुपर्छ ।

त्यति मात्र होइन, विपन्न वर्गका तर सिक्न इच्छुक र जागरुक विद्यार्थीलाई स्थानीय निकायले विषयगत शिक्षकको व्यवस्थापन गरेर भए पनि फाल्टु सिकाइको व्यवस्थापन गराउन वा गर्न सके अपेक्षित सुधार नभए पनि केही मात्रामा सुधार अवश्य हुनेछ । बरु यसका लागि संस्थागत विद्यालयका शिक्षकसँग समेत समन्वय गर्न सकिन्छ । एसईई परीक्षाको तयारीको लागि तेस्रो भूमिका निर्वाह गर्नुपर्ने काममा आम विद्यार्थीका अभिभावक सक्रिय हुनु जरुरी छ ।

आफ्ना सन्तानको पढाइको स्तर के छ ? पाढाइमा कतिको रुचि राख्ने गर्छन् ? घरमा बसेको समयमा कतिको ध्यानका साथ पढाइ-लेखाइ गर्छन् र जागरुक हुन्छन् ? भन्ने कुराको रेखदेख गर्ने कामको जिम्मा हरेक अभिभावकको हुनेछ । पढाइप्रति उनीहरूको हौसला बढाउनका लागि कुनै वस्तु प्राप्तिको आश्वासन बाँडेर पनि हौसला बढाउन सकिन्छ । उनीहरुको खाने समय, सुत्ने वा आराम गर्ने समय, मनोरञ्जन गर्नेसमेत केही समय छुट्याएर हौसला बढाइदिने हो भने एसईई परीक्षा आरम्भ हुने दिनसम्मको यो सुवर्ण अवसरको भरपूर सदुपयोग गरेको खण्डमा निकै राम्रो नतिजाको अपेक्षा राख्न सकिने स्तरमा पुग्न सक्छन् ।

उनीहरू पढाइ-लेखाइ गर्न सिकिर हँदाको अवस्थामा कसरी सिक्दै छन् भन्ने कुरा पनि निकै महत्वपूर्ण हुन्छ । उनी कापीमा लेखेको कुरा कराएर घोक्दै छन् भने त्यो मध्यम किसिमको सिकाइ हुन्छ । खर्रर पढेर मनमा विचार राख्दै सम्झन खोज्छन् भने त्यो उच्च विशिष्ट तरिकाको पढाइ वा सिकाइ हुन्छ । त्यस्तै आफ्ना सन्तानले लेखपढ गर्ने समयमा एक्लै बसेर लेखपढ गर्न रुचाउँछन् वा साथीसँग बसेर ? भन्ने कुरा पनि महत्वको विषय हो ।

एक्लै नबसेर साथीसँग बसी सिकाइ गर्दा दुईजना मात्र बस्छन् वा दुईभन्दा अधिक साथी बसेर पढ्छन् ? भन्ने कुराको निरीक्षण गर्ने काम पनि अभिभावकको जिम्माको काम हो । लेखपढ गर्न बस्दा एकजना मात्र टाइट हुन्छ, दुईजना राइट हुन्छ र तीनजना सँगै बसे फाइट हुन्छ भनेर अनुभव बटुलेका व्यक्तिले भनेका छन् । त्यसैले आफ्ना सन्तानले साथीसँग बसेर पढ्न वा सिक्न खोज्छ भने ऊ आफू, अनि अर्को एकजना मात्र साथीसँग बस्नु र सिक्नु उपयुक्त हुन्छ । दुईभन्दा अधिक भएपछि पढाइभन्दा नचाहिँदा गफतिर मन जानुका साथै विवादसमेत पर्न सक्छ ।

त्यसैले आफूभन्दा अधिक जान्ने र इमानदार मिहिनेत गर्न सक्ने साथीको छनोट गरेर केवल दुईजना मात्र बसेर सिकाइ गरेको खण्डमा यस्तो सिकाइ अधिक प्रभावकारी सिकाइ हुनसक्छ । अभिभावकका यी जिम्मेवारीपछि सबैभन्दा महत्वपूर्ण जिम्मेवारी एसईई परीक्षामा सामेल हुनुपर्ने विद्यार्थीको हुन्छ । यदि विद्यार्थीले यो पढाइ आफ्ना लागि तर अरु कसैका लागि पनि होइन भन्ने सोचाइ बनाउन सकेको खण्डमा पनि उसले प्रभावकारी सिकाइ गर्न सक्छ ।

होइन भने अभिभावकले गाली गर्नुहोला वा कुनै सजाय नै पनि दिनुहोला भन्ने खालका विचार मनमा राखेर सिक्न बस्ने विद्यार्थीले खास सिकाइ गर्न सक्दैन । जुन विद्यार्थीले यो पढाइ आफ्ना लागि हो, यदि मैले सफलता हासिल गर्न सकिन भने साथीभाइले के भन्लान् ? अथवा आफूलाई लाज हुनेछ भन्ने कुरा आत्मसात् गर्ने विद्यार्थीले अवश्य पनि सफलता हात लाउने गरी इमानदार मिहिनेत गरेरै छोड्छ । विद्यार्थीभित्र सिकाइको भोक जागेको छ भने उसले जसरी पनि सिक्न र जान्न खोज्छ । यदि होइन भने पढाइ र लेखाइबाट कसरी उम्केर भाग्ने ? भन्नेजस्तो मानसिकताको विकास भएर जान्छ । विद्यार्थीको यस्तो सकारात्मक वा नकारात्मक विचार उत्पन्न गराउने कुरामा उनीहरूको बासस्थानको बसाइको र व्यवहारको पनि गठजोड मिलेको हुन्छ । अब चैत महिनामा सञ्चालन हुन गइरहेको एसईई परीक्षाको तयारीका लागि विद्यार्थी आफैं जागरुक हुन जरुरी छ ।

जागरुक हुनु भनेको सही समयको सही तरिकाले सदुपयोग गरेर दिमागमा थोरै पनि दिक्दारी नआउने तरिका अपनाएर अथवा पढाइलाई मनोरञ्जनात्मक खेलाइका रुपमा मानेर सिक्ने हो भने दिक्क लाग्नुको साटो मन सन्तुष्ट भएर आनन्दसमेत प्राप्त हुँदै जानेछ । एसईई परीक्षामा सामेल हुने विद्यार्थीले जतिवटा विषयको परीक्षा दिनुपर्ने हो ? ती सबै विषयहरु उत्तिकै महत्वका विषय हुन् । एउटा विषयमा अलि धेरै अंक हासिल गर्न त सकियो तर कुनै अर्को विषयको परीक्षामा असफल नै अवस्था रहेको छ भने त्यस्ता विद्यार्थीले पढाइको तरिका परिवर्तन गर्न जरुरी हुन्छ ।

अलि गाह्रो लाग्ने वा प्रयोगात्मक अभ्यास धेरै गरिरहनुपर्ने विषयलाई अलि बढी समय र त्यसो गर्नु नपर्ने विषयको पढाइलाई अलि कम समय दिए पनि पुग्ला । तर महत्व भने दुवै वा सबै विषयलाई दिइनु नै पर्नेछ । कसैले अरु साथीको नक्कल गरेर परीक्षा राम्रो बनाउँछु भनी सोचेको छ भने त्यो सोचाइ सबैभन्दा निकृष्ट (तल्लो दर्जाको) सोचाइ हो भनेर जान्नुपर्छ । विद्यार्थीले आफूमा हरसमय पढाइप्रतिको लगाव बढाउनको लागि सिक्ने इच्छाको बढोत्तरी गर्न जरुरी छ । सिक्ने इच्छा नै मरेको वा नभएको मान्छेले सिक्न नसक्ने भन्ने त होइन तथापि उसलाई त्यो सिकाइ धेरै बोझिलो भएर ठूलो भारीले थिचेजस्तो अनुभूति भइरहेको हुन्छ । मानसमा त्यस्तो अनुभूति बोकेको विद्यार्थीले धैर्यताका साथ सिकाइमा सहभागी हुन अवश्य सक्नेछैन ।

यस लेखमा जति पात्रलाई जिम्मेवार बनाउन खोजियो ती सबै पात्रले आ-आफ्ना तर्फबाट आफ्ना भूमिका निर्वाह गरिदिएका खण्डमा २०८१ सालको एसईई परीक्षाको नतिजा प्रकाशित हुँदा नाटकीय रुपमा पढाइको गुणस्तरमा र सफलताको प्रतिशतमा समेत धेरै मात्रमा बढोत्तरी भएर जानेछ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ । त्यसैले सम्बन्धित सबै पक्ष यसको तयारीमा जुटौं अनि पछि कसैले कसैलाई आरोप-प्रत्यारोप नगरौं ।

*(साभार: न्यूज अफ नेपाल)*

# ९ महिनापछि नेपाली फुटबलले पायो स्थायी प्रशिक्षक, मलेसियाबाट अंक लिएर फर्कने लक्ष्य

काठमाडौं/नेपाली राष्ट्रिय फुटबल टिमले ९ महिनापछि मुख्य प्रशिक्षक प्राप्त गरेको छ । अखिल नेपाल फुटबल संघ (एन्फा) ले आइतबार अष्ट्रेलियन नागरिक म्याट रोसलाई नेपालको मुख्य प्रशिक्षक नियुक्त गरेको हो । एक महिनाअघि नै म्याट रोस नेपाल आएका बेला उनी नै मुख्य प्रशिक्षक बन्ने चर्चा चलेपनि एन्फाले एक महिनापछि मात्रै आधिकारिक रुपमा उनलाई सार्वजनिक गरेको हो ।

यसअघि नेपालको मुख्य प्रशिक्षक रहेका इटालियन नागरिक भिन्सेन्जो अल्बर्टो एनेसको सम्झौता जेठमै सकिएको थियो । त्यसपछि एन्फाले उनलाई निरन्तरता दिने वा अवधि थप्ने केही निर्णय गरेन । भदौमा मात्र एन्फाले आधिकारिक रुपमा एनेसको सम्झौता नविकरण नगर्ने निर्णय सार्वजनिक गरेको थियो । त्यसपछि एन्फाले मुख्य प्रशिक्षकका लागि दरखास्त आह्वान गरेको थियो । जसमा ४०० भन्दा बढीले आवेदन हालेकोमा एन्फाले म्याट रोसलाई छानेको हो ।

यस बीचमा नेपालले ताजिकिस्तान गएर घरेलु टोली र अफगानिस्तानसँग दुई मैत्रीपूर्ण खेल खेल्दा नविन न्यौपानेले अन्तरिम मुख्य प्रशिक्षकको भूमिका निर्वाह गरेका थिए । रोस पहिलो पटक कुनै पनि देशको पुरूष राष्ट्रिय टिमको मुख्य प्रशिक्षक बनेका हुन् । यसका लागि उनी आफु उत्साहित रहेको बताएका छन् । प्रशिक्षक नियुक्त भएपछि उनले एन्फा टिभीसँग कुरा गर्दै सर्ट टम र लङ टमका केही उद्देश्य समेत सुनाएका छन् ।

'म नेपालको मुख्य प्रशिक्षक बन्दा एकदमै उत्सहित छु' रोसले एन्फा टिभीसँग भनेका छन् । रोसले आफू काठमाडौं आएदेखि नै उत्साहित रहेकोको र यसबीचमा सभापित कप, महिला अन्तर्राष्ट्रिय प्रतियोगिता र केपी ओली कप लगायत प्रतियोगिता हेरेको बताए । पुरष नकआउट प्रतियोगिताबाट आफू उत्साहित रहेको र एसियन कप छनोटमा कस्तो प्रदर्शन गर्छ भनेर हेर्न उत्सुक




रहेको रोसको भनाइ छ ।

**मलेसियाबाट अंक लिने लक्ष्य**

नेपालको मुख्य प्रशिक्षकको रुपमा रोसको पहिलो काम सिगापुर सँगको मैत्रीपूर्ण खेल हुनेछ भने त्यसपछि एएफसी एसियन कप छनोटअन्तर्गत मलेसियासँगको खेल लगत्तै छ । नेपालले अबको तीन सातामा यी दुई खेल खेल्ने तालिका छ । सन् २०२७ मा हुने एसियन कपको तेस्रो चरणको छनोट अन्तर्गत पहिलो खेल नेपालले यही मार्च २५ मा मलेसियासँग उसैको मैदानमा खेल्दैछ । त्यसअघि नेपालले मार्च २१ मा सिंगापुरसँग उसैको मैदानमा खेल्नेछ ।

उनले छोटो समयम भएकोले सुरुवाती दुई खेल आफ्नो लागि चुनौतीपूर्ण हुने तर त्यसका लागि तयार हुनुपर्ने बताए । 'सिंगापुर र मलेसिया 'टफ च्यालेन्ज' हो । हेड कोचको रुपमा सुरुको दुई खेल छ' उनले भनेका छन्, 'सीमित समय तयारीका लागि छ । महत्वपूर्ण कुरा क्याम्प चाँडै सुरु गरेर खेलाडीहरुसँग सम्बन्ध स्थापित गर्नुपर्छ ।'

एसियन कप छनोटका लागि यी खेलहरुमा नतिजा ल्याउनु महत्वपूर्ण रहेको पनि रोसले बताए । 'यी दुई खेल महत्वपूर्ण छ । छनोट खेलमा नतिजा ल्याउनका लागि । सिमिति समयमा हामीले प्रभावकारी ढंगले काम गर्नुपर्छ' उनले भने । उनले अन्तर्राष्ट्रिय फुटबल चुनौती पूर्ण नै हुने बताउँदै मलेसियाबाट अंक लिएर फर्कने लक्ष्य सुनाएका छन् । 'अन्तर्राष्ट्रिय फुटबल चुनौतपूर्ण हुन्छ नै । हामी अंकसहित फर्कने योजनामा छौं।'

यस्तै रोसले तत्कालका लागि सिंगापुर र मलेसिया विरुद्धको खेलका लागि टिम बनाउनु मुख्य काम रहेको बताए । 'तत्कालको लागि सिंगापुर र मलेसियासँग खेल्ने टिम बनाउने र मैदानमा सफलता हासिल गर्ने हो' उनले उल्लेख गरे ।

**दीर्घकालिन लक्ष्य : साफ जित्ने**

नेपालको सिनियर पुरूष र महिला दुवै टिमले अहिलेसम्म साफ च्याम्पियनसिपको उपाधि जित्न सकेको छैन । त्यसैले हरेक नयाँ प्रशिक्षकले साफ जित्ने लक्ष्य सुनाइहाल्छन् । नयाँ प्रशिक्षक म्याट रोसले पनि दीर्घकालिन लक्ष्य सिनियर र जुनियरमा साफ जित्ने रहेको बताएका छन् । 'लङ टम नेपालमा खेल विकास गर्ने, ग्रासरुट, कोच एजुकेसन, महिला फुटबलको विकास गर्ने छ' उनले भने, 'वरियता सुधार गर्ने र अन्तिममा युथ लेभल, सिनियर लेभल महिला र पुरुषमा साफ च्याम्पियनसिप जित्ने ।'

प्रशिक्षक रोसले नेपाली खेलाडीहरुको बारेमा आफू जानकार रहेको पनि बताए । 'म नेपाली फुटबल बारे जानकार छु । धेरैले अष्ट्रेलियन कोच आए, नेपाली खेलाडी विदेश गए भनेर चासो दिइरहेका छन्' उनले भने । रोसले स्थानिय खेलाडीहरुलाई अवसर दिने समेत बताए । यस्तै नेपाली खेलाडीहरु फिजिकल र टेक्निकल रुपमा बलियो भनेर चिनिने समेत बताए । यसैगरी भर्खरै सम्पन्न इन्टरनेसनल वुमन्स च्याम्पियनसिप फुटबलमा नेपाली समर्थहरुले सपोर्ट राम्रो रहेको पनि उनले प्रतिक्रिया दिएका छन् ।

'महिला टिमलाई लागि देखाएको सपोर्ट राम्रो लाग्यो । समर्थकले सधैं अतिरिक्त उर्जा दिन्छ र सफलता ल्याउने सहयोग गर्छ । साथै नयाँ उचाई पुऱ्याउन सहयोग गर्छ ।' उनले समर्थकको तारिफ पनि गरे । उनले जहाँ खेल्दा पनि समर्थकको साथ महत्वपूर्ण हुने भन्दै अब मलेसियासाग हुने छनोट खेलमा पनि आफ्नो टिमलाई समर्थन गर्न आग्रह गरे ।

**को हुन् म्याट रोस ?**

इंग्ल्याण्डको न्युक्यासलमा जन्मिएका अस्ट्रेलियन नागरिक म्याट रोस 'यूईएफए प्रो लाइसेन्स' मान्यता प्राप्त प्रशिक्षक हुन् । पछिल्लोपटक उनले दक्षिण कोरियाको महिला टोलीको सहायक प्रशिक्षक बनेर काम गरेका थिए । उनी सन् २०२० देखि २०२३ सम्म कोरियाको सहायक प्रशिक्षक थिए । यस्तै रोसले स्वीडिस महिला शीर्ष डिभिजन क्लब भिन्सो जियाकेको पनि प्रशिक्षक भएर काम गरेका थिए । उनी सहायक प्रशिक्षक रहँदा दक्षिण कोरियाको महिला टोलीले सन् २०२२ को एएफसी एसियन कपको फाइनलमा स्थान बनाएको थियो । तर फाइनलमा कोरिया चीनसँग ३-२ ले पराजित हुँदै उपविजेता बनेको थियो ।

त्यसअघि उनले चीनको यू-१५ राष्ट्रिय महिला टोलीको प्रशिक्षकको रुपमा काम गरेका थिए । चीन छाडेर उनी कोरिया पुगेका थिए । रोसले सुरूमा केही समय एम्याचोर फुटबल खेले । त्यसपछि उनले लाइन्समेन् हुँदै रेफ्री बन्ने प्रयास पनि गरे । त्यसपछि उनी शिक्षक पनि बने । तर फुटबलबाट टाढिन सकेनन् ।

२८ वर्षको हुँदा उनले फेरि खेल्ने प्रयास गरेका थिए । तर अर्को वर्ष उनी फुटबल फेडेरेसन नर्दन टेरीटोरीको प्रशिक्षकको रुपमा काम गर्न थाले । डार्विनमा ५ वर्ष कोचिङ काम गर ेपछि उनले अष्ट्रेलियामा करियर देखेनन् र जर्मनी लागे । सुरुमा उनी आफ्नो फुटबलको ज्ञान विकास गर्न यूरोप लागेका थिए तर पछि उनले यसमै आफ्नो भविष्य खोज्ने सोच बनाए । उनी आफ्नी श्रीमतीसँगै जर्मनी पुगेका थिए । सुरुमा उनले जर्मनीमा भिडियो एनालिस्टको रुपमा काम गर्न थाले ।

जर्मनीको फ्रान्कफर्ट महिला टिमको भिडियो एनालिस्ट हुँदै कार्यवाहक प्रशिक्षकदेखि उनी मुख्य प्रशिक्षक सम्म बने । उनी प्रशिक्षक रहँदा सन् २०१५ मा फ्रान्कफर्टले यूईएफए वुमन्स च्याम्पियन्स लिगको उपाधि समेत जितेको थियो । त्यसपछि उनी मुख्य प्रशिक्षक नै बने । त्यसपछि उनले यूईएफएको लाइसेन्स लिए । उनले दुई वर्ष फ्रान्कफर्टको मुख्य प्रशिक्षक भएर काम पनि गरे । क्लबबाट बहिर्गमनपछि उनले सन् २०१७ मा स्वीडिस क्लब भिट्जो जीआईकेको प्रशिक्षक बने । स्वीडेनमा एक सिजन बिताएपछि उनलाई चीनबाट प्रस्ताव आयो । जसलाई उनले नकार्न सकेनन् अनि चीन आए । चीनबाट दक्षिण कोरिया पुगेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# 'वरिष्ठ बलराम'को मुहूर्त, दयाहाङ र विजयको जोडी को ?



काठमाडौं/'कबड्डी' जोडी दयाहाङ राई र विजय बराललाई मुख्य भूमिकामा लिएर बन्न लागेको फिल्म 'वरिष्ठ बलराम'को शुभ मुहूर्त गरिएको छ । आइतबार बिहान काठमाडौंको बुढानीलकण्ठ मन्दिरमा मुहूर्त पूजा गरेपछि फिल्मको टिम छायांकनका लागि तराई प्रस्थान गरेको छ । फिल्मको छायांकन चितवन र हेटौंडासहित तराईका विभिन्न जिल्लामा गरिने निर्देशक सुरेन्द्र पौडेलले जानकारी दिए ।

यसमा दयाहाङ र विजयसँगै पशुपति राई, गौमाया गुरुङ, समृद्धि अर्याल, माओत्से गुरुङ, प्रदीप चौधरी, रामबाबु रेग्मी लगायतको अभिनय रहनेछ । बुझिए अनुसार फिल्ममा दयाहाङको जोडी पशुपति र विजयको जोडीको रुपमा समृद्धि देखिनेछिन् । फिल्मलाई आगामी वर्षको लक्ष्मीपूजा अर्थात् कात्तिक ३ गते प्रदर्शन गर्ने लक्ष्य राखिएको छ ।

सामाजिक कथावस्तुमा बन्न लागेको 'वरिष्ठ बलराम' सुरेन्द्रको चौथो निर्देशकीय फिल्म हो । यसअघि उनले 'आभाष', 'बाबरी' र 'कृ' निर्देशन गरेका थिए । आशिस एच तामाङ र श्रीराज कार्की निर्माता रहेको फिल्ममा निर्देशक पौडेलको कथा तथा महेश दवाडीको लेखन छ । निर्देशक पौडेलकै सम्पादन रहने फिल्मलाई मानकृष्ण महर्जनले छायांकन गर्नेछन् ।

तारानाथ न्यौपाने मुख्य सहायक निर्देशक रहेको फिल्ममा प्रशान्त शिवाकोटीको संगीत, सम्राट बस्नेतको द्वन्द्व निर्देशन तथा प्रदीप लामाको कोरियोग्राफी रहनेछ । फिल्मको निर्माणमा वृषभ सिद्धी इन्टरटेनमेन्ट र आन्भी फिल्मसले सहकार्य गरेका छन् । 'वरिष्ठ बलराम'लाई काठमाडौं उपत्यकामा डिजिटल सिनेमा नेपाल (डिसिएन) र मोफसलमा कुवेर सिने डिस्ट्रीव्युसनले वितरण गर्नेछन् ।

# 'जार'को 'ए ठूली' गीतमा सौगातप्रति गीताञ्जलीको प्रेमभाव



काठमाडौं/चर्चित साहित्यकार इन्द्रबहादुर राईको ऐतिहासिक कथामा आधारित फिल्म 'जार'को पहिलो गीत 'ए ठूली' सार्वजनिक गरिएको छ । गीतमा झुमा लिम्बु र पवन गिरीको पार्श्व गायन छ भने हर्क साउदको शब्द रचना छ । संगीत निर्माण एवं एरेन्ज गंगा थापाको हो । मिक्सिङ तथा मास्टरिङ विश्व शाहीको छ । गीतमा समावेश संगीत र शब्दले सयौं वर्ष पुरानो नेपाली समाजको प्रतिनिधित्व गर्छ ।

गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता सौगात मल्ल र अभिनेत्री गीताञ्जली थापा प्रस्तुत छन् । सौगातप्रति गीताञ्जलीको प्रेम र आकर्षणलाई भिडियोमा उतारिएको छ । सन् १८ सयको दशकमा नेपाली समाजमा घटेको यथार्थ घटनालाई फिल्मले बोल्नेछ । तत्कालिन समाजको परिवेश सुहाउँदो प्रस्तुति गीतमा चित्रण गरिएको छ ।

फूर्वा छिरिङ लामाको निर्देशनमा तयार भएको 'जार'मा सौगात र गीताञ्जलीसहित अनुपविक्रम शाहीको पनि मुख्य भूमिका छ । गीताञ्जली भारतीय राष्ट्रिय चलचित्र पुरस्कार विजेता हुन् । 'लायर्स डाइस'बाट उनले उत्कृष्ट अभिनेत्रीको राष्ट्रिय अवार्ड जितेकी थिइन् । नेटफ्लिक्सको चर्चित वेब सिरिज 'सेक्रेड गेम्स'मा पनि उनले अभिनय गरेकी छिन् ।

आगामी बैशाख २६ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्मको कार्यकारी निर्मातामा नीरज राई, नुर्साङ भुटिया, ज्योती क्षेत्री र पेमा रिन्जिङ लेप्चा छन् । होप रिल्स, एलए सेभेन सट्र्स, बराल स्टुडियो र किवा प्रोडक्सनको सहकार्यमा निर्माण भएको फिल्ममा सरवानन इलावार्सुको छायांकन तथा अखिलेश राईको सम्पादन छ । यसअघि 'जार'को कथामा नाटक समेत मञ्चन भैसकेको छ ।

# शिवरात्रिको गाँजा विवादमा सुकेधारामा तेस्रोलिङ्गीको हत्या

काठमाडौं/ काठमाडौंको सुकेधारास्थित धोबीखोला करिडोर नजिक मृत अवस्थामा भेटिएका ५० वर्षीय अड्विर राईको गाँजासम्बन्धी विवादमा हत्या भएको खुलेको छ । शिवरात्रिको पूर्वसन्ध्यामा गाँजा खरिद र बिक्री सम्बन्धी विवादमा राईको हत्या भएको पाइएको अनुसन्धानमा संलग्न जिल्ला प्रहरी परिसर, काठमाडौंका एक अधिकृतले संचारकर्मीलाई बताए ।

प्रहरीले हत्यामा संलग्न रहेको आरोपमा शुक्रबार दोलखाको मेलुङ्ग गाउँपालिका-६ स्थायी घर भएका २९ वर्षीय विराट ठकुरीलाई पक्राउ गरिसकेको छ । काठमाडौं प्रहरीका एसपी अपिलराज बोहोराका अनुसार, क्लोज सर्किट (सीसी) क्यामरा र अन्य प्राविधिक पक्षको विश्लेषणका क्रममा उनको संलग्नता देखिएपछि उनलाई पक्राउ गरिएको हो । प्रहरीका अनुसार पक्राउ परेका शाही बा ४ ख ५९९३ नम्बरको गाडीमा सह-चालकका रुपमा काम गर्दै आएका थिए ।

**ढुंगाले हानेर हत्या**

अनुसन्धानमा संलग्न एक अधिकृतका अनुसार, शिवरात्रिको पूर्वसन्ध्यामा सार्वजनिक बसका सह-चालक शाहीले गाँजा खरिद गर्न चाबहिलतिर निस्किएका थिए । त्यहाँ उनले लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका राईलाई भेटेका थिए ।

'राईले गाँजा बेचेको थाहा पाएपछि उनी किन्न गएका थिए, त्यसक्रममा पोकाको ५ सय रुपैयाँ दिने गरी किनबेच सहमति भएको रहेछ', ती अधिकृतले भने, 'तर, पोका लिएर गएपछि उनले ५ हजार मागेको भन्ने पक्राउ परेका ठकुरीको बयान छ ।'

ठकुरीको दाबीअनुसार, त्यति पैसा नदिए प्रहरीलाई खबर




गर्ने, आफ्नो समुदायका व्यक्ति समेत बोलाउने भनेपछि उनी त्यहाँबाट निस्किएका थिए । त्यसक्रममा राई आफूलाई पछ्याउँदै हिँडेको उनले बयानमा भनेका छन् । प्रहरीले ठकुरीलाई राईले पछ्याउँदै गरेको सीसीटीभी फुटेज पनि संकलन गरेको छ ।

'पछ्याउन नछाड्ने अनि उल्टै धम्क्याएपछि धोबीखोला करिडोर नजिक ढुंगाले हानेको थिएँ', उनको बयान उद्धृत गर्दै प्रहरी स्रोतले भन्यो, 'त्यसपछि त्यहाँ रहेको पुरानो शौचालयमा फोहोरले छोपिदिएको थिएँ ।'

हत्यापछि उनी फर्किएर नजिकै गाडी पार्क गरिएतिर गएर बसेको पाइएको अनुसन्धानमा संलग्न एक अधिकृतले बताए । अर्को दिन उनी गाडीको नियमित काममा निस्किएका थिए । चालकलाई समेत यसबारे कुनै भेउ थिएन ।

**जब प्रहरीले शव भेट्यो**

शिवरात्रिको दिन अपराह्न प्रहरीले करिडोर नजिक फोहोरले छोपेको अवस्थामा शव रहेको सूचना पाएको थियो । घटनास्थल पुगेका प्रहरी वृत्त, महाराजगञ्जका एक अधिकृतका अनुसार शव नदेखियोस् भन्ने हिसाबले फोहोरले लुकाइएको भेटिएको थियो ।

शरीरमा भेटिएको विवरणका आधारमा प्रहरीले उनी ओलढुंगाको मानेभञ्ज्याङ गाउँपालिका-६ स्थायी घर भएका ५० वर्षीय अड्विर राई भएको फेला पारेको थियो । प्रारम्भिक जाँचमा टाउको, निधार र नाकमा गम्भीर चोट देखिएपछि प्रहरी वृत्त, महाराजगञ्जका डीएसपी निरञ्जन थापाको नेतृत्वमा समेथ प्रहरी टोली त्यहाँ पुगेको थियो ।

काठमाडौं प्रहरीका अनुसार, सोको अफिसरसहित त्यहाँ पुगेको टोलीले फोहोर हटाएर शव निकालेको थियो । लगत्तै आसपासको सीसीटीभी फुटेज हेर्दा त्यहाँ एउटा बस समेत हिँडेको देखिएको थियो । निस्किएको फुटेज भने प्रहरीले फेला पारेको थिएन ।

'त्यसक्रममा सीसीटीभीमा देखिएको बस र ती व्यक्तिबारे खोजी गरिरहेका थियौं, एक जना चालकले तस्वीरबाटै त्यो बसको नम्बर पत्ता लगाइदिए', स्रोतले भन्यो, 'त्यसपछि बस खोज्दै जाँदा भक्तपुरमा जारी नेपाल मजदुर किसान पार्टी (नेमकिपा) को अधिवेशनमा त्यो बस प्रयोग भइरहेको खुल्यो ।'

त्यसपछि जिल्ला प्रहरी परिसर, काठमाडौंको विशेष टोलीले सल्लाघारीबाट बसका बा ४ ख ५९९३ नम्बरको गाडीमा सह-चालक शाहीलाई पक्राउ गरेको थियो । काठमाडौं प्रहरीका एसपी बोहोराका अनुसार, अहिले उनीविरुद्ध विस्तृत अनुसन्धान गर्न अदालतले ५ दिन हिरासतमा राख्न अनुमति दिइसकेको छ । *(स्रोत: अनलाइनखबर)*

# 'पूर्ण बहादुरको सारङ्गी'का निर्माताले 'अभिमन्यु' बनाउने

काठमाडौं/घरेलु बक्स अफिसमा सर्वाधिक कमाइको रेकर्ड बनाएको फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को निर्माता कम्पनी सेभेन सिज सिनेमाका विनोद पौडेलले नयाँ फिल्मको रुपमा 'अभिमन्यु' निर्माणको घोषणा गरेका छन् । आइतबार थिम पोस्टर सार्वजनिक गर्दै फिल्मको शीर्षकसहित आगामी साउन २४ गतेलाई प्रदर्शन मिति समेत घोषणा गरिएको छ । फिल्मलाई सुशान्त गौतमले निर्देशन गर्नेछन् ।

हिन्दी र नेपाली भाषामा तयार हुन लागेको फिल्मको थिम पोस्टरले चक्रव्यूह र पैसाबीचको संघर्षलाई प्रस्तुत गर्ने संकेत गरेको छ । पैसाको प्रलोभनको चक्रव्यूहमा फस्ने र त्यहाँबाट उम्किनका लागि पात्रले गर्ने संघर्षको कथामा फिल्म बन्ने जनाइएको छ । यसमा मुकेश खनालको लेखन छ भने क्रियटिभ निर्देशकको रूपमा मदन थापा रहेका छन् । फिल्ममा कलाकार भने तय भएका छैनन् ।

फिल्मको निर्मातामा विनोदसहित गुञ्जन गिरी तथा सह-निर्मातामा रमेश चौलागाई र हरि श्रेष्ठ छन् । निर्माता पौडेलले 'अभिमन्यु'बारे भनेका छन्, 'हामीले फरक धारको फिल्मको प्रयास गर्दैछौं । 'रिक्स फ्याक्टर'लाई राम्रोसँग बुझेका पनि छौं तर डरको अगाडि जित हुन्छ भन्ने सोचेर फिल्म बनाउन लागेका छौं ।' उनी चाँडै 'रोल नं. एक' र 'पूर्णबहादुरको सारङ्गी २' पनि निर्माण गर्ने तयारीमा छन् ।

# नेपाल आउने पर्यटक संख्यामा सामान्य गिरावट

काठमाडौं/नेपाल घुम्न आउने पर्यटक संख्या सामान्य घटेको छ । सन् २०२५ फेब्रुअरीमा ९६ हजार ८ सय ८० पर्यटकले नेपाल भ्रमण गरेका छन् । नेपाल पर्यटन बोर्डले आइतबार सार्वजनिक गरेको तथ्यांक अनुसार फेब्रुअरीमा आएको पर्यटक संख्या २०२४ सोही अवधिको तुलनामा ०.६ प्रतिशतले कम हो । त्यो बेला ९७ हजार ४ सय २६ पर्यटक नेपाल आइपुगेका थिए ।

बोर्डका अनुसार कोरोना महामारीभन्दा अघि २०१९ फेब्रुअरीमा भने १ लाख २ हजार ४ सय २३ आएका थिए । उक्त अवधिका दाँजोमा यो फेब्रुअरीको पर्यटन संख्या ५.४ प्रतिशतले कम हो । गत महिना दक्षिणी छिमेकी भारतबाट १९ हजार १ सय ८७ पर्यटक नेपाल आएका थिए । यो गत वर्ष सोही महिनाको दाँजोमा १९.८ प्रतिशतले बढी हो । त्यस्तै उत्तरी छिमेकी चीनबाट ८ हजार २ सय ८३ पर्यटन आएका थिए । यो साढे ८ प्रतिशतले धेरै हो । थाइल्यान्डबाट ५ हजार ६ सय ९ आएका थिए । जापानबाट २ हजार ६ सय ४३ आएका थिए । बेलायतबाट ५ हजार ५७ जना नेपाल घुम्न आएका थिए ।

पर्यटन बोर्डका अनुसार समग्र एसियाबाट २८ हजार ९८ जनाले फेब्रुअरीमा नेपाल भ्रमण गरेका छन् । यो दक्षिण एसिया बाहेकको संख्या हो । गत महिना दक्षिण एसियाबाट ३० हजार १ सय ९६ पर्यटन नेपाल आएका थिए ।

यसैगरी प्रमुख पर्यटन बजार युरोपबाट गत महिना १५ हजार ९ सय ७१ पर्यटक आएको तथ्यांक रेकर्ड गरिएको छ । यो गत वर्ष फेब्रुअरीको दाँजोमा साढे १६ प्रतिशतले बढी हो । अर्को प्रमुख बजार अमेरिकाबाट १० हजार ३ सय ४८ आएका छन् ।

# विजयको 'जनै हराएको बाहुन' तीजमा आउने

काठमाडौं/'पूर्ण बहादुरको सारङ्गी' फेम्ड अभिनेता विजय बराललाई मुख्य भूमिकामा लिएर बन्न लागेको फिल्म 'जनै हराएको बाहुन' आगामी वर्षको तीजमा रिलिज हुने भएको छ । आइतबार निर्माताले एक थिम पोस्टर सार्वजनिक गर्दै तीजलाई प्रदर्शन मिति घोषणा गरेका हुन् । अब यो फिल्मको आउँदो तीजमा कलाकार केदार घिमिरे अभिनीत फिल्म 'माग्ने राजा'सँग बक्स अफिसमा भिडन्त हुनेछ ।

फिल्ममा विजयसँगै मनिष राउत, गौरव पहाडी, रियर राई लगायतको अभिनय रहनेछ । आमा र छोराबीचको भावनात्मक कथामा बन्न लागेको फिल्मलाई हिमाल न्यौपानेले निर्देशन गर्नेछन् । उनले यही फिल्मबाट निर्देशनमा डेब्यु गर्न लागेका हुन् । फिल्मको असोसियट निर्देशकमा 'प्रेमगीत ३' फेम्ड अभिनेता मनिष राउत छन् ।

भानुभक्त ढकालको कथा, पटकथा तथा संवाद रहेको फिल्मले गाउँबाट आफ्नो सपना पूरा गर्न सहर पुगेको एक पात्रले भोग्नुपरेको अनपेक्षित परिस्थिति र त्यसले उसको जीवनमा ल्याएको परिवर्तनलाई केन्द्रमा राख्नेछ । नवीन गुरुङको छायांकन रहने फिल्मको निर्मातामा सिआर बस्नेत, कमल न्यौपाने, आर.के. मानन्धर, विमल न्यौपाने, फिलिप डिसी र निशान्त श्रेष्ठ छन् ।

केही हप्ताअघि फिल्मको थिम भिडियो सार्वजनिक गर्दै कथावस्तुबारे प्रकाश पारिएको थियो । जसमा गाउँका दुई साथीमध्ये एकले गाउँ छाडेर सहर हिँड्ने बेलामा साथीसँग गरेको बिदाइको संवाद छ । उक्त भिडियोमार्फत निर्माताले एउटा अफर समेत घोषणा गरेका छन् । थिममा रहेको गीत गाएर टिकटकमा पोस्ट गर्नेमध्ये सुमधुर स्वर हुनेलाई गीत गाउन अवसर दिइने जनाइएको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# शंखधर शाख्वा पार्क तथा पूर्वाधार निर्माणको शिलान्यास



साझाकुरा संवाददाता

हेटौंडा, १८ फागुन/ हेटौंडा-१२ मा राष्ट्रिय विभूति शंखधर शाख्वाको प्रतिमा स्थापना, पार्क तथा पूर्वाधार निर्माणको शिलान्यास गरिएको छ ।

बागमती प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री एकालाल श्रेष्ठको प्रमुख आतिथ्यता एवम् नेवा गुठी खल: पदमपोखरीका अध्यक्ष कृष्ण नगरकोटीको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा सांसद् श्रेष्ठले शंखधर शाख्वाको योगदानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार गर्न आवश्यक रहेको बताएका छन् । उनले पार्कलाई नेपालकै ठूलो तथा नमूना पार्कका रुपमा विकास गर्नुपर्ने धारणा राखे । यसका लागि पर्खाल, गेट, शंखधर शाख्वाको प्रतिमा, पोखरी, ढुङ्गेधारा लगायतका पूर्वाधार निर्माण गर्नुपर्ने उनको भनाई छ ।

करिब चार बिगाहा क्षेत्रफलमा फैलिएको यो क्षेत्रलाई पदमपोखरीकै सांस्कृतिक तथा पर्यटकीय गन्तव्यका रुपमा विकास गर्नुपर्नेमा उनले जोड दिए । श्रेष्ठले पदमपोखरी आसपासका विभिन्न समुदायको संस्कृति जोडेर विकास गर्न सकिने बताउँदै सरकारले मात्र नभई स्थानीयस्तरबाट पनि सचेतना आवश्यक रहेको उल्लेख गरे । 'जनस्तरबाट चासो र योगदान बढे मात्रै पदमपोखरीको वास्तविक विकास सम्भव छ,' उनले भने ।

कार्यक्रममा स्थानीय अगुवा राजेश नगरकोटीले पार्कलाई नेपालकै नमूना बनाउने प्रतिबद्धता जनाउँदै मास्टर प्लान तयार पार्न अझै केही काम बाँकी रहेको बताए । 'यो केवल सुरुवात हो, अबको दिनमा थप योजना बनाएर शंखधर शाख्वा पार्कलाई नेपालकै उत्कृष्ट बनाउने छौं,' उनले बताए । नेवा गुठी खल: मकवानपुरका अध्यक्ष अनिल खड्गे, समाजसेवी सीताराम प्रधानलगायतले पनि कार्यक्रममा धारणा राख्दै पदमपोखरीको विकासका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको बताए ।

पदमपोखरी क्षेत्रलाई ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण क्षेत्रका रुपमा विकास गर्न सकिने धारणा कार्यक्रमका वक्ताले व्यक्त गरे । पदमपोखरीका विभिन्न स्थानमा थातथलो पूजा गर्दै यसको सांस्कृतिक महत्व उजागर गरिनुपर्नेमा उनीहरुको जोड थियो । कार्यक्रममा उपस्थित स्थानीय बासिन्दा तथा सरोकारवालाले शंखधर शाख्वा पार्कको विकासका लागि निरन्तर प्रयास गर्नुपर्ने प्रतिबद्धता व्यक्त गरे ।

सरकारले आवश्यक बजेट तथा नीति ल्याएमा पार्क छिट्टै निर्माण सम्पन्न हुने विश्वास उनीहरुको छ । कार्यक्रममा विभिन्न समुदायका व्यक्तिको उपस्थिति रहेको थियो । बागमती प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालयको ७५ लाख बजेट एवम् स्थानीय श्रमदान गरी ८३ लाख ३६ हजारमा योजना निर्माण गर्न लागिएको हो ।

# सिन्डिकेटमा एलपी ग्यास उद्योगी, नाफा बढाउन बिक्री रोक्ने धम्की

काठमाडौं, १८ फागुन/ सिन्धुली घर भई बुद्धनगर- १० बस्दै आएकी अनिता खड्काले एक महिनादेखि एक सिलिन्डर ग्यास पनि पाउन सकेकी छैनन् । उनले वरिपरिका सबै ग्यास डिलरमा सम्पर्क गरिसकिन्, तर उनीहरूले 'ग्यास नै छैन' भन्दै उनलाई फर्काइदिए । सामान्य गृहिणी उनका श्रीमान् अफिस जान्छन्, दुई छोराछोरी स्कुल । तर, ग्यास अभावमा परिवारलाई समयमा खाना पकाएर खुवाएर पठाउन उनलाई निकै गाह्रो पर्‍यो ।

बजारमा डेढ दुई महिनादेखि ग्यास अभाव हुनुको कारण उद्योगीहरूको सिन्डिकेट हो । आफूले पाउने नाफा बढाउनुपर्ने माग राख्दै उनीहरूले अघिल्लै महिनादेखि बजारमा थोरै परिमाणमा ग्यास पठाइरहेका छन् । कालोबजारी गर्ने उद्देश्यले ग्यासको कृत्रिम अभाव सिर्जना गरेर उपभोक्तालाई दु:ख दिएको खड्काको गुनासो छ । एक सिलिन्डर ग्यास पाउन मुस्किल भएपछि उनले अहिले ५ हजार रुपैयाँ तिरेर इन्डक्सन चुल्हो किनेर ल्याएको संचारकर्मीलाई बताइन् ।

ग्यास उद्योगीले सिन्डिकेट खडा गर्न खोलेको एलपी ग्यास उद्योग संघले गत २४ माघ आफूले पाउने कमिसन बढाउनुपर्ने लगायत विभिन्न १९ बुँदे माग अघि सार्दै ती माग पूरा नभए २९ माघदेखि चरणबद्ध रूपमा विरोध कार्यक्रम अघि बढाउने घोषणा गरेको थियो । ३० माघमा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीको उपस्थितिमा नेपाल आयल निगम र संघका पदाधिकारीबीच ती मागका विषयमा छलफल भएको थियो ।

छलफल क्रममा मन्त्री भण्डारीले उद्योगीका जायज माग सम्बोधन हुने र त्यसको गृहकार्यका लागि १५ दिन समय लाग्ने आश्वासन दिएपछि संघले १५ फागुनसम्मका लागि आन्दोलन स्थगित गरेको थियो । तर, त्यो अवधिमा आफ्नो नाफा बढाउने माग सम्बोधन नभएको भन्दै संघले फेरि आन्दोलनका कार्यक्रम घोषणा गरेको छ, जसमा ग्यास उत्पादन नै बन्द गर्नेसम्मका गतिविधि समावेश छन् ।

'अब पनि सरकारले हाम्रा जायज माग पूरा गरेन भने हामी आन्दोलन गर्न बाध्य हुन्छौं, हामीसँग अर्को विकल्प छैन,' संघ अध्यक्ष शिवप्रसाद घिमिरेले धम्की दिए । संघका अध्यक्ष घिमिरेका अनुसार १८ फागुनदेखि देशभरिका ५९ वटै ग्यास उद्योगले आयल निगमबाट 'प्रडक्ट डेलिभरी अर्डर' (पीडीओ) खरिद नगर्ने निर्णय भएका छन् ।

त्यति गर्दा पनि माग पूरा नभए ग्यास २४ फागुनदेखि इन्डियन आयल कर्पोरेसन (आईओसी) का रिफाइनरीबाट नेपालका लागि एलपी ग्यासको बुलेट लोड गराउन छाड्ने र १ चैतदेखि भन्सारबाट बुलेट छुटाउन रोक्ने उनले बताए । ६ चैतसम्म पनि माग पूरा नभए ७ गतेदेखि उद्योगहरूबाट ग्यास बिक्री वितरण बन्द गर्ने कार्यक्रम संघले सार्वजनिक गरेको छ । ११ चैतदेखि डिलरले पनि ग्यास बिक्री रोक्ने संघले धम्कीपूर्ण विज्ञप्ति सार्वजनिक गरेको छ ।

सिन्डिकेट गर्ने उद्योगीको नाफा बढाउने ग्यारेन्टीका लागि डिलर कमिसन, ढुवानी, ओभरहेड खर्चमा तत्कालै वृद्धि हुनुपर्ने र हरेक वर्ष मुद्रास्फीति दर अनुसार समायोजन गर्ने व्यवस्था गर्नुपर्ने माग संघले राखेको छ । त्यस्तै उद्योगी र डिलरको मुनाफा ५ प्रतिशतभन्दा कम नहुने व्यवस्था गर्नुपर्ने र ग्यासको कोटा सिलिन्डर खरिद र रुजु गरे अनुसार हरेक वर्ष बढाउँदै जानुपर्ने पनि संघको मागपत्रमा उल्लेख छ ।

यसरी आफ्नो नाफाका लागि जनतामाथि अपराध गर्ने संघले उपभोक्ताको हितकै लागि आन्दोलन गर्नुपरेको हास्यास्पद तर्क गरेको छ । 'उपभोक्तालाई दु:ख दिनु हुँदैन भन्ने कुरा त राज्यले नै सोच्नुपर्‍यो नि ! हाम्रो माग सम्बोधन नभएको नै ६ वर्ष भइसक्यो,' उनले भने । ग्यास उद्योगीले आफ्नो फाइदाका लागि उपभोक्ता लुट्ने र दु:ख दिने काम गरिरहेको उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँ बताउँछन् ।

'खाना पकाउने ग्यासजस्तो अत्यावश्यक कुरामा आयात रोकेर बिक्री बन्द गर्छु भन्नु त अपराध हो । यसलाई तत्कालै बन्द गर्नुपर्छ,' बानियाँ भन्छन् । स्वार्थ समूहरूले नीति नियम नै खरिद गर्ने परिस्थिति बनाइएका कारण उपभोक्ताले हरेक कुरामा सास्ती भोग्दै आउनुपरेको उनी बताउँछन् ।

'माथिका मान्छेले साँठगाँठ गरेर मिलाउने र जनतालाई भोकै मार्छु भन्ने यो कस्तो नीति हो ? सरकारले आफ्नो दायित्व पूरा गर्नु पर्दैन ?,' उनी प्रश्न गर्छन्, 'ग्यास भनेको त जीवन हो । योविना त शहर बाँच्नै सक्दैन, उपभोक्ताले न्याय पाउनैपर्छ ।' वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक राजन पौडेल व्यवसायीले ग्यास बिक्री वितरण र आयात रोक्छु भन्नै नपाउने बताउँछन् । यदि उनीहरूले बजारमा भएर पनि ग्यास आपूर्ति गरेनन् भने कडा कारबाही गर्ने उनको भनाइ छ ।

'व्यावसायीले उपभोक्तालाई मार पर्ने गरेर ग्यास बिक्री रोके, बजारमा कृत्रिम अभाव सिर्जना गरे हामीले उहाँहरूको उद्योग वा पसल नै सिल गर्छौं,' महानिर्देशक पौडेल भन्छन्, 'सिल गरेका सामान हामीले बजारमा प्रचलित मूल्यमा बेच्छौं । हाम्रो विकल्प भनेको नै त्यही हुन्छ ।' महानिर्देशक पौडेल विगतमा पनि व्यवसायीले बजारमा कृत्रिम अभाव सिर्जना गर्ने अभ्यास गरिरहेकाले उनीहरूको मनोबल बढेको हुन सक्ने बताउँछन् ।

'यसपालि पनि त्यही दहोरियो भने वाणिज्य विभागले उपभोक्ताको हितका लागि गर्नुपर्ने सबै आवश्यक कारबाही गर्ने छ, त्यसमा कुनै सम्झौता गर्दैन,' उनी बताउँछन् । संघले उपभोक्ताले ग्यास उपभोग गर्दा अपनाउनुपर्ने सावधानी, प्रयोग गर्ने विधिबारे जनचेतना जगाउन सरकारले एलपी ग्यास आयातको १ प्रतिशत छुट्याउनुपर्ने माग पनि गरेको छ ।

एलपी ग्यास सिलिन्डरबाट हुने दुर्घटनामा निर्माता उद्योगी, विक्रेता, उपभोक्ताको दायित्वबारे छुट्टाछुट्टै कानुनी व्यवस्था गर्न पनि संघले माग गरेको छ । हरेक ग्यास उद्योगले आ-आफ्नो उद्योगको भौतिक संरचना वा मालवस्तुको बीमा आ-आफ्नो लगानी अनुसार गरे पनि कारणवस उद्योगभित्र दुर्घटना भई उद्योग क्षेत्र बाहिर जनधनको क्षति भएमा उद्योगको क्षमता तथा काबुभन्दा बाहिरको अवस्थामा कानुन बमोजिम तोकिएको क्षति नेपाल सरकारबाट पाउने व्यवस्था गर्नुपर्ने बताएको उसको माग छ ।

*(स्रोत: अनलाइनखबर)*

# दशौं संस्करणको हेटौंडा भेट्रान्स फागुन २२ देखि




साझाकुरा संवाददाता

हेटौंडा, १८ फागुन/ दशौं संस्करणको राष्ट्रिय भेट्रान्स कप 'एट ए साइड' रनिङ शिल्ड फुटबल प्रतियोगिता २०८१ यही फागुन २२ गतेदेखि हुने भएको छ ।

आइतबार पत्रकार सम्मेलन गर्दै आयोजक हेटौंडा भेट्रान्स क्लबले प्रतियोगिताबारे जानकारी गराएको हो । फागुन २६ गतेसम्म हुने प्रतियोगिता हेटौंडा-४ स्थित लोकतान्त्रिक चौर हुप्रा हुने आयोजकले जनाएको छ । स्वास्थ्यका लागि खेलकुद भन्ने नाराका साथ हुन लागेको प्रतियोगितामा १६ क्लबको सहभागिता रहने क्लकका संयोजक मणिराज गौतमले जानकारी दिए ।

४५ वर्षमाथि उमेर समूहमा खेलाइने प्रतियोगितामा प्रत्येक टिममा ५० वर्षभन्दा माथिका ३ जना खेलाडी अनिवार्य रहनुपर्ने संयोजक गौतमले बताए । भेट्रान्स प्रतियोगिताले पूर्वखेलाडीको सम्बन्ध विस्तार र भाइचाराको सम्बन्धलाई झन प्रगाढ बनाउने आयोजकले विश्वासले लिएको छ । प्रतियोगिताको उपाधि बिजेताले नगद १ लाख ५० हजार ५ सय ५५ रुपैयाँ र उपबिजेताले नगद ७५ हजार ५ सय ५५ रुपैयाँ सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने सयोजक गौतमले जानकारी दिए ।

त्यसैगरी प्रत्येक खेलको म्यान अफ दि म्याचलाई १० हजार नगद प्रदान गरिने आयोजकले जनाएको छ । विधागततर्फ सर्वश्रेष्ठ प्रशिक्षक, उत्कृष्ट फरवार्ड, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्स, उत्कृष्ट मिडफिल्डरलाई जनही ५ हजार प्रदान गरिने संयोजक गौतमले बताए ।

प्रतियोगिता सम्पन्न गर्न १२ लाख खर्च लाग्ने अनुमान आयोजकले गरेको छ । नवौं संस्करणको उपाधि बानेश्वर फ्रेण्डसीप भेट्रान्स क्लबले जितेको थियो ।

# भारत र अस्ट्रेलिया च्याम्पियन्स ट्रफीको सेमिफाइनलमा खेल्ने



काठमाडौं, १८ फागुन/ आईसीसी च्याम्पियन्स ट्रफीको सेमिफाइनल समीकरण पूरा भएको छ । आइतबार भएको समूह ए को अन्तिम खेल सकिएसँगै सेमिफाइनल समीकरण पूरा भएको हो । सेमिफाइनलमा भारतको भेट अस्ट्रेलियासँग हुनेछ भने न्युजिल्याण्डले दक्षिण अफ्रिकासँग खेल्ने छ । भारत समूह ए को विजेता तथा अस्ट्रेलिया समूह बी को उपविजेताका रूपमा सेमिफाइनल खेल्ने छन् ।

त्यस्तै न्युजिल्याण्ड समूह ए को उपविजेता र दक्षिण अफ्रिका समूह बी को विजेताका रूपमा सेमिफाइनल खेल्ने पक्का भएको छ । पहिलो सेमिफाइनल भारत र अस्ट्रेलियाको बीचमा मंगलबार दुबईमा हुनेछ भने दोस्रो सेमिफाइनल बुधबार न्युजिल्याण्ड र दक्षिण अफ्रिकाको बीचमा पाकिस्तानको लाहोरमा हुनेछ ।

दोस्रो सेमिफाइनलका लागि न्युजिल्याण्ड र दक्षिण अफ्रिका अब पाकिस्तान फर्कने छन् ।

वरुणको ५ विकेटमा भारतले न्युजिल्याण्डलाई हरायो

भारतले आइतबार न्युजिल्याण्डलाई ४४ रनले हरायो । भारतले दिएको २५० रनको लक्ष्य पछ्याएको न्युजिल्याण्ड ४५.३ ओभरमा २०५ रनमा अलआउट भयो । केन विलियमसनले सर्वाधिक ८१ रन बनाएपनि पर्याप्त हुन सकेन । भारतका वरुण चक्रवर्तीले १० ओभरमा ५२ रन दिएर ५ विकेट लिए । कूलदीप यादवले २ तथा हार्दिक पान्ड्या, अक्षर पटेल र रविन्द्र जडेजाले १-१ विकेट लिए ।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको भारतले ५० ओभरमा ९ विकेट गुमाएर २४९ रन बनाएको थियो । श्रेयस अय्यरले सर्वाधिक ७९ रन बनाएका थिए । हार्दिक पान्ड्याले ४५ रन तथा अक्षर पटेलले ४२ रन बनाए । न्युजिल्याण्डका म्याट हेनरीले ८ ओभरमा ४२ रन दिएर ५ विकेट लिए । काइल जेमिसन, विलियम ओरोर्की, मिचेल सान्टनर र रचिन रविन्द्रले १-१ विकेट लिए ।

# एक महिनामै गौतमबुद्ध विमानस्थलमा ६८ सय अन्तर्राष्ट्रिय यात्रु



काठमाडौं, १८ फागुन/ मुलुकको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल भैरहवास्थित गौतमबुद्ध विमानस्थलबाट एक महिनामा करिब ६ हजार ८ सय यात्रु आवागमन भएको छ ।

विमानस्थल कार्यालयका अनुसार फेब्रुअरी २०२५ मा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट १ सय १५ उडान-अवतरण भएको थियो । तिनै उडानबाट ६ हजार ७ सय ७९ यात्रु आवागमन भएको हो । कार्यालयका अनुसार फ्लाई दुबईबाट २ हजार ४ सय ३, जजिरा एयर वेजबाट ३ हजार २ सय ६५, थाई एयर एसियाबाट १ हजार ९७ यात्रु आवागमन भएको थियो ।

त्यस्तै नेपाल एयरलाइन्सका एक र अन्य १३ चार्टर उडानबाट २ सय ११ यात्रु आवागमन भएको हो । त्रिभुवन विमानस्थलसँग जोडिएर उडान गर्ने नेपाल एयर लाइन्स र फ्लाई दुबईमा ४ हजार ४० ट्रान्जिट यात्रु रहेको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार नोभेम्बर २०२४ मा उडान सुरु भएयता फेब्रुअरी २०२५ को यात्रु आवागमन संख्या हालसम्मकै उच्च हो । जनवरी २०२५ मा १ हजार ३ सय ६५, डिसेम्बर २०२४ मा ३ हजार ८ सय ७८ र नोभेम्बर २०२४ मा ४ हजार २ सय ७९ यात्रु आवागमन भएको थियो ।

# अवकाशपछिको जीवन आत्मनिर्भर बनाउन अटोरिक्सा तालिम



साझाकुरा संवाददाता

हेटौंडा, १८ फागुन/ अवकाश प्राप्त पूर्वप्रहरी कर्मचारी, अमर प्रहरी परिवार र बहालवाला प्रहरी लक्षित अटो रिक्सा तालिम आइतबारबाट हेटौंडामा सुरु भएको छ ।

बागमती प्रदेश प्रहरी कार्यालय, हेटौंडाले अटोरिक्सा तालिम दिन सुरु गरेको हो । तालिमको पहिलो समूहमा २७ जना सहभागी छन् । नेपाल प्रहरीमा योगदान गरेर अवकाश प्राप्त गरेका, सेवा अवधि ६ महिना बाँकी रहेका प्रहरी कर्मचारीको व्यक्तिगत जीवनलाई आर्थिक रुपमा संवृद्ध बनाउन तालिम आयोजना गरिएको बागमती प्रदेश प्रहरी कार्यालयका प्रहरी नायवमहानिरीक्षक कृष्णहरि शर्माले बताए ।

प्रहरीसेवामा आफ्नो उर्वर समय व्यतीत गरी राष्ट्र निर्माणमा महत्वपूर्ण भूमिका खेलेका प्रहरी कर्मचारीको अवकाशपछिको जीवन आत्मनिर्भर बनाउन आवश्यक सीप, ज्ञान उद्यमशीलता प्रदान गर्नु तालिमको उद्देश्य रहेको उनले बताए । यस्ता तालिमले अवकाश पछि नेपाल प्रहरी कर्मचारीलाई स्वदेशमै स्वरोजगार बन्न प्रेरित गर्ने उनको भनाई छ ।

तालिम उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठले अवकाशपछि राज्यबाट प्राप्त हुने सुविधाले जीवन धान्न असहज हुँदा यस्ता तालिमले जीवनयापनलाई सहज बनाउने बताइन् ।

उनले सामाजिक जीवनलाई थप मर्यादित बनाउन पनि तालिम मद्दत गर्ने विश्वास गरिन् । तालिममा सिकेका सीपलाई अझ जिम्मेवार भएर व्यवहारमा उतार्न सहभागीलाई उनले आग्रह गरिन् । तालिममा अटोरिक्सा सञ्चालनको आधारभूत सैद्धान्तिक र प्रयोगात्मक सीप, यातायात नियमको बारेमा जानकारी, व्यावसायिक योजना बनाउन मार्गदर्शन र आयआर्जनका लागि प्रभावकारी उपायका बारेमा कक्षा सञ्चालन हुने वरिष्ठ प्रहरी उपरीक्षक संजयसिंह थापाले जानकारी दिए ।

तालिमपश्चात् अटो खरीदका लागि पेन्सनपट्टा धितो राखेर ऋण उपलब्ध गराउने व्यवस्था मिलाइएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ । कार्यक्रममा पत्रकार महासंघ बागमति प्रदेश अध्यक्ष कृष्ण सारुमगर, पूर्वप्रहरी संघ बागमती प्रदेश अध्यक्ष रीत बहादुर खाती लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

# मकवानपुरगढी टि-१० क्रिकेट उपाधि सनराइज युथ क्लबलाई

साझाकुरा संवाददाता




हेटौंडा, १८ फागुन/ पहिलो संस्करणको मकवानपुरगढी टि-१० क्रिकेट प्रतियोगिताको उपाधि सनराइज युथ क्लबले जितेको छ । आइतरबार भएको फाइनल खेलमा वार्ड-२ भालुन्टारलाई ३३ रनले पराजित गर्दै उपाधि जितेको हो ।

मकवानपुरगढी गाउँपालिका वडा नं.२ स्थित कुर्लेदमारको खेलमैदानमा टस हारेर पहिला ब्याटिङ गरेको सनराइजले ९.५ ओभरमा सबै विकेट गुमाएर ९६ रन बनाएको थियो । ९६ रनको लक्ष्य पछ्याएको भालुन्टारले १० ओभरमा ६ विकेट गुमाएर ६२ रनमा समेटियो । प्रतिस्पर्धात्मक लक्ष्य पछ्याएको भालुन्टारका कुनै पनि ब्याटरले राम्रो प्रर्दशन गर्न सकेनन् । भालुन्टारका लागि सनराईजका दिवस सुवेदीले घातक बलिङ गरे । उनले ओपनरद्वय संजीव सुनार, सौरभ विक्रम र राम मामालाई सस्तैमा समेटिदिए । उनले संजीव र सौरभलाई क्रमश: १४ र ९ रनमा क्याच आउट गराए ।

भालुन्टारको व्याटिङ धान्न सन्तोष सुनार र राम मामा आएका थिए । राम मामा २ बलमै बिना रन दिवशकै बलमा क्याच हुँदै पेबेलिन फर्किए । सन्तोष ८ रन बनाएर सविन पाण्डेको बलमा क्लिन बोल्ट हुन पुगे । आएका भालुन्टारका ब्याटर उद्दब ढकाल १ रन, नारायण सुवेदी २ बनाउँदा उज्ज्जल ढकाल १४ रनमा अविजित रहेभने धनराज गोलेले गोल्डन डग भेटे ।

सनराइजलाई जित दिलाउन दुई ओभर बलिङ गरेका दिवस सुवेदीले ३ विकेट लिए । त्यस्तै विशाल अधिकारी २ र सविन पाण्डेले १/१ विकेट लिए । सुरुमा व्याटिङमा उत्रिएको सनराइजका प्रज्ज्वल न्यौपानेले सर्वाधिक ३९ रन बनाउन सफल भएका थिए । उनले ४ छक्का र ३ चौका प्रहार गेरका थिए । त्यस्तै विशाल अधिकारी १५, सुजन अधिकारी १४, दिवश सुवेदी ११ रन बनाएर आउट हुन पुगे । प्रकाश लामा ४ रनमा नटआउट रहदा अर्पण न्यौपाने २, अनिश न्यौपाने र सविन समान १/१ रन जोडेका थिए ।

भालुन्टारका राम मामा, सौरभ विक्रम र नारायण सुवेदीले समान २/२ विकेट लिएका थिए । त्यस्तै सन्तोष सुनार र उद्दव ढकालको नाममा १/१ विकेट रहेको थियो । फाइनल खेलका म्यानअफ द म्याच सनराइजका अलराउण्डर दिवस सुवेदी घोषित भए । उपाधि विजेता सनराइजले नगद ३० हजार सहित शिल्ड, मेडल, प्रमाणपत्र पाउँदा उता उपविजेता बनेको भालुन्टारले २० हजारमै चित्त बुझाउनु पर्‍यो ।

## माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५११६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना